# अध्याय : एक

# अध्ययनको परिचय

## १.१ पृष्ठभूमी

कुनै पनि समाजमा महिला र पुरुष एक सिक्काका दुई पाटा हुन् । कुनै पनि क्षेत्रको उत्थानको लागि एउटाको अनुपस्थितिमा त्यस क्षेत्रले उन्नति र प्रगतिमा गति लिन सकिदैन । मानव विकासको इतिहास देखि हालसम्मको अध्ययनमा विश्वको परिपेक्ष्यमा महिलाहरुको सामाजिक, आर्थिक अवस्था, स्थान, शिक्षा, स्वास्थ्य, रोजगार, हकहित र अधिकारका बारेमा कुरा गर्दा धेरै आवाज उठीसकेका छन् । महिलाहरुको अवस्थालाई माथि उकास्नकालागि सन् १९७५ देखि नै विश्व महिला सम्मेलन हुदै आइरहेका छन् जँहा महिला हकहित अधिकार र अधिनताका कुराहरु हुदै आएका छन् । विश्वको आधा जनसङ्ख्या ओगटेको महिलाहरुको विकास विना समग्र विश्वको विकास कल्पना गर्न सकिदैन । यसमा पनि नेपालको सर्न्दभमा कुरा गर्दा नेपालको जनगणना २०६८ अनुसार देशको कुल जनसङ्ख्या मध्ये ५१ प्रतिशत जनसङ्ख्या महिला रहेका छन् तर पनि महिलालाई दोस्रो दर्जामा राखिएको छ । नेपालमा ८५ प्रतिशत भन्दा बढी मानिस ग्रामिण क्षेत्रमा नै बसोबास गर्दछन् । खासगरी ग्रामिण क्षेत्रका मानिसहरु परम्परागत रितिरिवाज, धर्म सस्कृति र मुल्य मान्यता रहेका हुन्छन् । जसको कारण पुरुषको तुलनामा महिलालाई कम महत्व दिइएको पाइन्छ । जसको मुख्य कारण विश्वको अधिकांश मुलुकहरुमा जस्तै नेपालमा पनि पितृ सत्तात्मक सामाजिक संरचना नै मुख्य रुपमा रहेको पाइन्छ । कुनै पनि समाजको संरचना नारी र पुरुषको भूमिका समान रहन्छ । तर हाम्रो समाजमा महिलाहरुलाई तल्लो स्तरको रुपमा मान्दै आएको पाइन्छ । अर्थात एक विना अर्काको अस्तित्व सम्भव हुदैन । तर यसो हुदा हुदै पनि पितृसत्तात्मक सोच भएको हाम्रो समाजले महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यबहार गरेको छ जसको दाजोमा महिलाहरु पिछडिएका छन् ।

विश्वको विकसित देशहरुमा महिलालाई सामाजिक आर्थिक राजनैतिक तथा शैक्षिक क्षेत्रमा पुरुष सरह नै अगाडि रहेको पाइन्छ । उनीहरु हरेका क्रियाकलापहरुमा स्वतन्त्र रहेका हुन्छन् र ती देशहरुमा धर्म सस्कृति परम्परको नाममा होस सबै कार्यमा महिला र पुरुषको समान सहभागिता रहेको हुन्छ । तर अविकसित र विकासोन्मुख देशहरुमा भने नारी र पुरुषको

भूमिकालाई ठिक विपरित अर्थबाट व्याख्या गरिएको छ । समाजमा पुरुषहरुको हैसियत महिलाहरुको तुलनामा निकै नै उच्च रहेको छ । इतिहासलाई हेर्ने हो भने नेपालकै परिपेक्ष्यमा पनि सिता, भृकुटी तथा राजेन्द्रलक्ष्मी जस्ता महिलाहरुको भूमिकालाई उल्लेखनिय रुपमा लिन सकिन्छ । श्रृटिलाई हेर्ने हो भने र त्यसबाट महिललाई अलग पार्ने हो भने मानव जाति विकास र विस्तार नै असम्भव छ । त्यसैले हरेक समाजमा पुरुषको जति महत्वपूर्ण भूमिका रहन्छ । त्यति नै महिलाहरुको पनि रहन्छ । त्यसैले पनि विश्वको आधा हिस्सा आगट्ने महिलाहरुको योगदान कुनै पनि देशको विकासको लागि अपरिहार्य हुन जान्छ । (भण्डारी, २०६३)

नेपाल पितृसत्तात्मक देश हो जसले गर्दा महिलाहरु पुरुषका अधिनतामा बाच्न बाध्य छन् । साथै समाजमा पुरुषको बोलवाल रहेको छ तर गैर हिन्दुहरु पनि छन् । नेपालमा हिन्दु धर्म मान्ने महिलाहरुको भन्दा गैर हिन्दु धर्म मान्ने महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थामा भने केही सुधार रहेका देखिन्छ । उनीहरुको सामाजिक आर्थिका क्रियाकलाप हिन्दु महिलाहरुको भन्दा बढी भूमिका रहेको पाइन्छ । हाम्रो जस्तो पितृ सत्तात्मक समाजमा पितृ उद्धारका लागि छोरा नै चाहिने धार्मिक मान्यताले गर्दा पनि महिलाहरु पछाडि परेका छन् । विशेषतः नेपालमा अधिकांश महिला शोषित पिडित र अपहेलित अवस्थामा छन् । महिलाहरु शिक्षा र चेतनाको क्षेत्रमा पछाडि रहेका छन् । तसर्थ देशको राजनैतिक, आर्थिक, सामाजिक, सास्कृतिक, धार्मिक, शैक्षिक र कानुनी क्षेत्रमा नेपाली महिलाहरुको स्थिति विश्वका अन्य मुलुकको तुलनामा कमजोर रहेको पाइन्छ । हाम्रो समाज पितृ प्रधान समाज भएकोले सम्पत्तिको हस्तान्तरण पुरुषबाट पुरुषमा नै हुने गर्छ जसले गर्दा महिलाको पैतृक हक हुंदैन । महिलाहरुले रातदिन गर्ने घरायसी कार्यलाई अनुत्पादक मानिन्छ । सार्वजनिक क्षेत्रमा महिलाको कुनै पहुंच नहुने र अशिक्षित हुने हुंदा एउटी मलिाको आर्थिक अवस्था अत्यन्त न्यून रहन्छ भने झन श्रीमानको मृत्यु पश्चात एक्लै छोराछोरीको पालनपोषण र शिक्षादिक्षामा खर्च गर्न र व्यवहार संचालन गर्नुपर्ने अवस्था आउंछ । नेपालका धेरैजसो जिल्लाहरुमा विशेष गरी भयानक रोग, दुर्घटनाका कारण श्रीमान्को मृत्यु भई एकल हुन पुगेका महिलाहरु ३० देखि ४० बर्ष उमेरका बढि देखिएका छन् । सो उमेरका एकल महिलाहरुका सन्तान पनि सानै हुने भएकाले कमाउने आमा एक्लै हुंदा गरिबीको संख्या समेत बृद्धि हुंदै गएको पाइन्छ (थापा, २०६२: ३९) ।

नेपालमा छोरीलाई देवीका रुपमा र बुहारीलाई दाशीका रुपमा लिने मानसिकताले गर्दा महिलाहरु  घर अथवा चुलो चौकोदेखि खेतबारीमा मात्र समय विताउदछन् जसले गर्दा शिक्षा, ज्ञान, र चेतना जस्ता कुराहरु प्राप्त गर्ने अवसर उनीहरुमा हुदैन । त्यसकारण महिलाहरुको शैक्षिक, आर्थिक, स्तर अत्यन्तै निम्न पुरुषमा निर्भर रहनु परेको छ । महिला जहिले पनि पुरुषकै अधिनमा रहनु पर्ने वा विवाहपूर्व बावु, विवाह पश्चात श्रीमान, श्रीमानको मृत्यु पश्चात छोराको अधिनमा रहनुपर्ने बाध्यात्मक स्थिति छ । श्रीमान भनेको नारीको भगवान सरह मानिन्छ । नारीले सहनशिल भएर बिना स्वार्थ श्रीमानको  सेवामा तल्लिन हुनु पर्दछ र श्रीमानको मृत्यु भएको खण्डमा पनि उसैका नाममा विभिन्न किसिमका सृङ्गारका वस्तु त्याग गरेर समाजले बनाएको नियमभित्र बाँधिन पर्दछ । यस्ता परम्पराले महिलामाथि नजानिदो रुपमा नियोजित तरिकाले हिंसालाइ वढवा दिएको पाइन्छ । नेपालमा महिला हिंसालाई बढवा दिने विभिन्न प्रथाहरु मध्येमा सतिप्रथा, विधवाप्रथा, कुमारीप्रथा, छाउपडीप्रथा, देउकीप्रथा, आदि रहेका छन् । यी प्रथाहरु मध्येमा यस शोध कार्यमा विधवा प्रथालाई अध्ययनको विषयवस्तु बनाइएको छ । भगवानको रुप मानि आएको श्रीमानको अचानक मृत्यु भएपछि महिलाको अर्को जीवन सुरु हुन्छ । नयाँ पहिचानको साथ त्यो हो विधवा महिला जसको स्थिति समाजमा महिला भित्र पनि अझ बढी भयानक र तल्लो स्तरमा राखिएको हुन्छ । श्रीमानको मृत्यु भएको मिनेटभरमा एक जना महिला नयाँ पहिचानको साथ चिनिन्छिन् जसमा विधवा बनेर धेरै कुरा गर्न हुने तथा गर्न नहुने भनेर तोकिएको हुन्छ । त्यसैले एउटी महिला पहिले छोरी, बुहारी, श्रीमती, आमा, अनि श्रीमानको मृत्यु हुनासाथ विधवा बनेर समाजमा चिनिन्छिन् । जुन एकदम डरलाग्दो कठिन र उराठ लाग्दो अवस्था हो त्यसैले विधवाहरुलाई मृत्युबाट जन्मनेहरु भनेमा फरक पर्दैन (लिलि थापा, २०६६) अहिले समाजमा एकल महिलाहरु कसरी अगाडि बढेका छन्, उनीहरुको समाजमा के कस्ता परिवर्तन गरी आफ्नो जीवन जीउन थालेका छन् भन्ने पदमा यस अध्ययन केन्द्रीत रहेको छ ।

विधवा भन्ने परिपाटी कहिलेदेखि शुरु भएको हो र यो के आधारमा महिलाभित्र पनि वर्गिकरण गरिएको हो  अहिलेसम्म पनि विभिन्न विज्ञ तथा समाजसेविले ठम्याउन सकेका छैनन् । तैपनि श्रीमानको मृत्यु भएपछि महिलाको पहिचान बनाउन पनि विधवा भन्ने परम्परा बसेको पाइन्छ । नेपाली समाजमा परापुर्वकालमा श्रीमानको मृत्यु पश्चात सति जाने चलन थियो । श्रीमानको मृत शरिर सँगै बाधेर चितामा राखेर जलाइन्थ्यो र त्यतिबेला

विधवाको कुनै अर्थ थिएन किनकी श्रीमानको जीवनसँग ति महिलाको पनि जीवन समाप्त हुन्थ्यो । जब सति प्रथाको अन्त्य भयो तब श्रीमान नभएका महिलाहरुलाई कसरी बसमा राख्ने सोचले पनि विधवा महिलाका लागि अनेकौ गर्न हुने र गर्न नहुने कार्यहरुको थालनि भएको पाइन्छ । इतिहासलाई हेर्दा सति प्रथाको अन्त्य सँगै विधवा प्रथाको थालनि भएको पाइन्छ । विधवा शब्द बैदिक भाषाबाट शुरु भएको पाइन्छ । पछि गएर इण्डो युरोपियन भाषा भएको मान्यता छ । युरोपियन भाषाहरुमा यो शब्द प्रति एकरुपता जस्तै पाइन्छ । ल्याटिन भाषामा विदवा, इटालियनमा वदवा, स्पेनिसमा विउदा, फ्रेन्चमा वँढ, रसियनमा विदोला, जर्मनमा वितुवा, पर्सियनमा वंवा भन्ने प्रचलन रहेको पाइन्छ । नेपालमा पनि यस्ता महिलाहरुलाई विधवा वा विधवी भन्ने चलन छ भने नेपालकै विभिन्न जातजातिमा आफ्नै भाषा अनुकुल यसलाइ विभिन्न नाम दिएको पाइन्छ । तराईको मैथली समाजमा श्रीमानको मृत्यु भएका महिलालाई राँडी भनेर पनि भनिन्छ जुन नेपाली भाषामा तल्लो स्तरको अपहेलित शब्द मानिने गरिन्छ । (थापा, २०६२)

अहिले आएर विधवा शब्दले पर्न जाने मानसिक आघात र समाजले गरिने नकरात्मक धारणलाई असर पर्न नदिन मानव अधिकारका लागि महिला, एकल महिला समूह, संस्थाले राष्ट्रिय स्तरमा नै घोषणा पारित गरि विधवाको सट्टामा एकल महिला भनिने परिपाटिको थालनी गरेका छन् । जसमा एकल महिला भन्नाले श्रीमानको मृत्यु भएको, पारपाचुके गरेको,श्रीमान बेपत्ता भएकोर विवाह नै नभएको बुझिने भएकाले समाजबात अपहेलित हुन नपरेको मनसाय धेरैको रहि आएको छ । श्रीमानको मृत्यु  पश्चात पहिले महिलाहरुले श्रृगार तथा रातो रङमा प्रतिबन्ध, खानपानमा प्रतिबन्ध, शुभ साइत तथा चाडबाडमा अगाडि बढ्न प्रतिबन्ध नाकमा फुली देखि लिएर चुरा, टिका रातो पहिरन त्याग्नु पर्दथ्यो तर अहिले आएर समाज केही परिवर्तन भएको छ । एकल महिलाहरुले पनि रातो लुगा लगाउने र समाजले पनि उनीहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ ।  यस खालको परिवर्तनमा एकल महिलाहरुको मात्र मुख्य भूमिका नरही उनीहरुका घरपरिवारले पनि यस्तो परिवर्तन महत्वपूर्ण भूमिका खेलेका छन् । (भण्डारी, २०६३)

समय परिवर्तनशिल छ । समयको गति समाजका गतिविधिहरुमा पनि परिवर्तन आउनु कुनै अनौठो कुरा होइन । निश्चय पनि समाज परिवर्तन दौरानमा आजभन्दा २० वर्ष पहिलाका एकलल महिलाको जुन अवस्था थियो समाजमा सास्कृतिक, धार्मिक पक्ष, सामाजिक

कार्यहरुमा जुन व्यहवहार भोग्नु पर्दथ्यो आज त्यसमा निकै परिवर्तन आएको छ । समाजमा एकल महिलालाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आएको छ । जसरी पहिलेका एकल महिलाले समाजमा अपहेलित भएर आफ्नो जीवन निर्वाह गर्नु पर्ने बाध्यात्मक स्थिति थियो तर त्यसको बदलामा अहिले घर परिवार समाजले एकल महिलालाई गर्ने व्यवहारमा परिवर्तन गर्नुका साथै त्यस्ता महिलाको परिस्थितिसँग मिल्दो केटासँग पुनः विवाह समेत गराइदिएको विभिन्न उदाहरण देखिन्छन् । यसरी यसलाई परिवर्तन गरी समानता मुलक समाजको निर्माण गरी महिला हिंसाको अन्त्य गर्नु हामी सबैको दायित्व हो साथै आजको आवश्यकता पनि हो ।

## १.२ समस्या कथन

समय गतिशिल छ । यो गतिसँगै मानिसले आफुलाई विभिन्न कोणबाट सक्षम बनाउनु आवश्यक हुन्छ । समाज विकासको प्रक्रियामा पुरुषको तुलनामा महिलाहरु धेरै पछि परेका छन् । जसमा पनि श्रीमानको मृत्यु भएपछि एकल महिलाको स्थिति अरु महिलाको भन्दा अझ पछाडि रहेको छ । अहिले २१ औं शताब्दीमा पनि धेरै महिलाहरु घर गृहस्थीको काम छाडेर बाहिर आउन सकिरहेका छैनन् जसको कारण उनीहरुको समाजका विभिन्न क्षेत्रमा जस्तै आर्थिक र सामाजिक अवस्था कमजोर छ । यो अध्ययन केबल विधवा महिला प्रति केन्द्रित छ ।

विधवा प्रथा महिलाहिसां लाई बढवा दिने माध्यम हो । हाम्रो समाजमा श्रीमानको मृत्यु कै कारण एउटी महिलाले समाजमा मात्रै नभएर आफ्नै घरमा पनि अपहेलित हुनुपर्ने, हासिखुसि जीवन विताउनबाट वन्चित हुनुपर्ने र तिरस्कृत हुनुनर्पे वाध्यात्मक अवस्था छ । आज मानव अधिकारवादी, नारीवादी तथा विद्वान र विभिन्न दार्शनिकहरुले विधवा प्रथाको चर्को नारा उठाउदै गरेको परिपेक्ष्य मा एउटी विधवा महिलालाई उसको श्रीमानको मृत्यु भनेको जीवनको अन्त्य त हेइन भन्ने सन्देश दिनका साथै एकल महिलाप्रति गरिने यस्ता विभेदयुक्त कुरितिलाई त्याग्दै विश्वपरिवेश अनुसार सामाजिक संस्कारहरुलाई परिमार्जित गर्दै सामाजिक रुपान्तरण गर्नको लागि हाम्रो घरपरिवार, समाज र राज्यले उनिहरुलाई हेर्ने दृष्टिकोण कस्तो छ, एकल महिलाले समाजमा योगदान दिन सक्छन कि सक्दैनन्, समयसापेक्ष अनुसार उनिहरुमा परिवर्तनहरु (सामाजिक, आर्थिक) देखिएका छन कि छैनन्, यिनीहरु नेतृत्वदायी भुमिकामा पुगेका छन कि छैनन् र भविष्यमा यिनीहरुलाई आत्मनिर्भर

गराई नेतृत्वदायी भुमिकामा कसरी संलग्न गराउने भन्ने जस्ता अनुसन्धानात्मक प्रश्नमा केन्द्रित भई यो सोधकार्यमा यो विषयबस्तु छानिएको हो ।

विधवा प्रथा महिलाहिसां लाई बढवा दिने माध्यम हो । हाम्रो समाजमा श्रीमानको मृत्यु कै कारण एउटी महिलाले समाजमा मात्रै नभएर आफ्नै घरमा पनि अपहेलित हुनुपर्ने, हासिखुसि जीवन विताउनबाट वन्चित हुनुपर्ने र तिरस्कृत हुनुनर्पे वाध्यात्मक अवस्था छ । आज मानव अधिकारवादी, नारीवादी तथा विद्वान र विभिन्न दार्शनिकहरुले विधवा प्रथाको चर्को नारा उठाउदै गरेको परिपेक्ष्य मा एउटी विधवा महिलालाई  उसको श्रीमानको मृत्यु भनेको जीवनको अन्त्य त हेइन भन्ने सन्देश दिनका साथै एकल महिलाप्रति गरिने यस्ता विभेदयुक्त कुरितिलाई त्याग्दै विश्वपरिवेश अनुसार सामाजिक संस्कारहरुलाई परिमार्जित गर्दै सामाजिक रुपान्तरण गर्नको लागि हाम्रो घरपरिवार, समाज र राज्यले उनिहरुलाई हेर्ने दृष्टिकोण कस्तो छ, एकल महिलाले समाजमा योगदान दिन सक्छन कि सक्दैनन्, समयसापेक्ष अनुसार उनिहरुमा परिवर्तनहरु (सामाजिक, आर्थिक) देखिएका छन कि छैनन्, यिनीहरु नेतृत्वदायी भुमिकामा पुगेका छन कि छैनन् र भविष्यमा यिनीहरुलाई आत्मनिर्भर गराई नेतृत्वदायी भुमिकामा कसरी संलग्न गराउने भन्ने जस्ता अनुसन्धानात्मक प्रश्नमा केन्द्रित भई यो सोधकार्यमा यो विषयबस्तु छानिएको हो ।

यस अध्ययनमा निम्न प्रश्नहरुको उत्तर खोजीने छ ।

- एकल महिलाहरुको सामाजिक आर्थिक अवस्था कस्तो छ ?
- एकल महिलाहरुलाई समाजले हेर्ने धारणा कस्तो छ ?
- एकल महिलाहरुको सामाजिक रुपान्तरणमा भूमिका कस्तो छ ?
- एकल महिलाहरुले सामाजिक परिर्वतनका निमित कस्तो भूमिका खेलेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि विषयको अनुसन्धान कार्यमा उद्देश्यहरुको निर्धारण गर्दा विशेष ध्यान पुऱ्याउनु पर्दछ । अध्ययनमा व्यापक रुपले उदेश्यहरु समेटिएमा निष्कर्षमा पुग्न कठिन हुन्छ तसर्थ उदेश्यहरु निर्धारण गर्दा सहजै तथ्य पत्ता लगाउन सकिने खालको हुनुपर्दछ ।यस अध्ययनमा पनि एकल महिलाहरुले सामाजिक परिवर्तनमा अगाडि बढ्न

उनीहरुकोसामाजिक सहभागिताको बारेमा जानकारी लिनको लागि उदेश्यहरुको निर्माण गरिएको हुन्छ । जसलाई बुदाँगत रुपमा तल प्रस्तुत गरिएको छ ।

(क) एकल महिलाप्रति समाजको परम्परागत धारणा पत्ता लगाउने ।

(ख) एकल महिलाहरुको सामाजिक रुपान्तरण संलग्नता तथा भूमिकाको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

विश्वको कूल जनसङ्ख्याको करिव आधा भन्दा बढी हिस्सा ओगटेको महिला वर्ग पितृसत्तात्मक सोचका कारण नै पुरुषको तुलनामा पछाडि परेको छन् । अझ समाजले एकल (विधवा) महिलालाई हेर्ने दृष्टिकोण र लगाउने लाञ्छानाप्रति उनीहरु के कति पिडित छन् भनि अध्ययन गर्नु नितान्त आवश्यक छ । यसै गरी गरिएका अध्ययनबाट नै एकल महिलाहरुको वास्तविक अध्ययनका बारेमा अध्ययन गरेर समस्याको सामधान गर्न मद्त पुऱ्याउदछ । समाजको एकल महिलाप्रति र अन्य महिलाप्रति हेर्ने दृष्टिकोण समान छ कि छैन र उनीहरुको समाजमा के-कस्तो अवस्था रहेको छ त्यसबारे जानकारी लिनको लागि यो विषय छनोट गरिएको हो । समाजमा एकल महिलाले गर्न चाहेको सकरात्मक परिवर्तनलाई समाजले कुन दृष्टिकोणबाट हेर्दछन् भनी अध्ययन गर्नु पनि यस अध्ययनको महत्व रहेको छ । जसले गर्दा महिलाहरु एकल (विधवा)हुनुभन्दा अगाडिको अवस्था र एकल (विधवा) भए पछिको अवस्थालाई समाजमा भएका परिवर्तनहरुको अध्ययन गरिने छ ।

यस अध्ययनले समाजमा रहेका रुढीवादी परम्पराले गर्दा एकल महिलाहरुले के कस्ता समस्याहरु भोगिरहेका छन् । त्यसको बारेमा जानकारी गराउनुको साथै रुढीवादी परम्परालाई हटाएर कसरी नयाँ परम्पराको थालनी गराइका छन् भन्ने धारणा पनि जोड दिने छ । यस अध्ययनको क्षेत्र लेखनाथ नगरपालिका वडा नं ४ मा रहेका महिलाको सामाजिक रुपान्तरणमा उनीहरुको भूमिकाको चित्रण गरिने छ । यस सम्बन्धमा यस क्षेत्रमा खासै अध्ययन भएको पाइदैन जसले गर्दा आगामि दिनमा थप जानकारी लिन चाहनेहरुका लागि मार्ग निर्देशन गर्नेछ । भने एकल महिलाको उत्थानमा समेत सहयोग पुग्ने छ ।

## १.५ अध्ययनको सीमाहरु

कुनै पनि अध्ययन गर्दा सीमाहरु हुन्छन् । अझ यो शैक्षिक अध्ययन भएको कारणले पनि यसका सम्पन्न गर्नुपर्ने हुन्छ । यस अध्ययनमा पनि सिमित क्षेत्र र स्थानलाई छनौट गरिएको छ । यो अध्ययन खास गरी पृथ्वीनारायण क्याम्पस पोखरा, समाजशास्त्र तथा मानवशास्त्र विभागको स्नातकोत्तर तहको शोध पत्रको लागि मात्र तयार पार्न लागिएको छ । यस अध्ययनमा नेपाल भरि छरिएर रहेका एकल महिलाहरुको सामुदायिक अवस्था उर्तान नसकहिए तापनि यसले लेखनाथ नगरपालिका वडा नं ४ मा बसोबास गर्ने एकल महिलाको सामाजिक रुपान्तरण उनीहरुको भूमिकाका साथै उनीहरुलाई समाजले हेर्ने दृष्टिकोणमा देखाएका परिवर्तनहरुलाई जस्ताको तस्तै उतार्ने प्रयास गरिनेछ । यो एउटा सानो क्षेत्रमा गरिने अध्ययन भएकोले यहाँबाट प्राप्त परिणाम तथा निष्कर्षहरु सबै ठाउँमा सामान्यीकारण नहुन पनि सक्दछ यद्यपी यसबाट प्राप्त सूचनाहरुले यससँग सम्वन्धित सबै पक्षलाई सहयोग गर्नेछ ।

# अध्यायःदुई

# पुर्व साहित्यको समिक्षा

## २.१ अवधारणागत समीक्षा

विधवा शब्द बैदिक भाषाबाट शुरु भएको पाइन्छ । पछि गएर इण्डो युरोपियन भाषा भएको मान्यता छ । युरोपियन भाषाहरुमा यो शब्द प्रति एकरुपता जस्तै पाइन्छ । ल्याटिन भाषामा विदवा, इटालियनमा वदवा, स्पेनिसमा विउदा, फ्रेन्चमा वँढ, रसियनमा विदोला, जर्मनमा वितुवा, पर्सियनमा वंवा भन्ने प्रचलन रहेको पाइन्छ । नेपालमा पनि यस्ता महिलाहरुलाई विधवा वा विधवी भन्ने चलन छ भने नेपालकै विभिन्न जातजातिमा आफ्नै भाषा अनुकुल यसलाइ विभिन्न नाम दिएको पाइन्छ । तराईको मैथली समाजमा श्रीमानको मृत्यु भएका महिलालाई राँडी भनेर पनि भनिन्छ जुन नेपाली भाषामा तल्लो स्तरको अपहेलित शब्द मानिने गरिन्छ । (थापा २०६२)

### महिला सशक्तिकरण (Empowerment of women)

सशक्तिकरणशब्दले कुनै पनि प्रतिस्पर्धात्मक कार्यमा सफलता प्राप्त गर्न आवश्यक पर्ने क्षमताको विकास गर्ने प्रक्रियालाई बुझाउँदछ । सशक्तिकरणले महिलालाई सामाजिक जीवनमा सशक्त भूमिका वहन गर्न सक्षम तुल्याउनु नै महिला सशक्तिकरण अर्न्तगत महिलाहरुलाई पुरुष सरह अख्तियारको उपभोग गर्न सक्षम बनाउनु, उनीहरुको प्रजनन् अधिकारको संरक्षण, उनीहरुको सामाजिक, आर्थिक र राजनैतिक र स्वास्थ्य स्थितिमा सुधार गर्ने आदि कुराहरु पर्दछन् (कार्की, २०६७)

विश्वमा करिब आधा जनसंख्या हिंसा जनसंख्या महिलाहरुको रहेको छ । तसर्थ जबसम्म महिलाहरुको सामाजिक, आर्थिक, राजनैतिक स्थितिमा सुधार ल्याउन सकिदैन तबसम्म समग्र देशवासीको जीवनस्तर माथि उठाउने गुरस्तरीय जीवनको अवधारणलाई सार्थक तुल्याउन महिला सशक्तिकरण गर्नु नितान्त आवश्यक हुन्छ । लैङ्गिक समानता वर्तमान समयको अपरिहार्यता हो र लैङ्गिक समानताको स्थिति कायम गर्नका लागि महिला सशक्तिकरण हुन जरुरी हुन्छ । महिला सशक्तिकरण को माध्यमद्वारा लैङ्गिक समानताको स्थितिमा पुग्न सकिन्छ । महिला सशक्तिकरणले महिलाहरुको शैक्षिक स्थितिमा सुधार

ल्याउछ । महिलाहरुलाई चेतनशील बनाउने, आफ्नो हक अधिकार र कर्तव्य प्रति सचेत तुल्याउने र सामाजिक जीवनमा सशक्त भूमिका वहन गर्न सक्षम बनाउने हुनाले समाजमा महिलाहरु बिरुद्ध हुने हरेक प्रकारका यौनिक हिंसाहरु र घरेलु हिंसाका घटनामा पनि कमि आउँछ । महिला सशक्तिकरणले महिलालाई पुरुषको अख्तियार उपभोग गर्न लैङ्गिक बिषयसम्बधी निती र कार्यक्रमहरुलाई एकिकृत रुपमा अगाडि बढाउन महिलाहरुको आर्थिक सशक्तिकरणका लागि प्राकृतिक श्रोतमा उनीहरुको पहुँच सुनिश्चित गर्न, महिलासँग सम्बन्धित सबै खाले कुरीतिहरुको अन्त्य गर्न, महिलाहरुका क्षमता अभिवृद्धिका लागि आधुनिक सीप र तालिम लगाएतका कार्यक्रम सञ्चालन गर्न, महिलाप्रति हुने यौन शोषण, यौन हैरानी र घरेलु हिंसालाई अन्त्य गर्ने, महिला उपर हुने सामावजक आर्थिक विभेदको अन्त्य गर्न साथै महिलालाई हेर्ने परम्परागत दृष्टिकोणमा आमूल परिवर्तन ल्याउन, महिला सशक्तिकरणको माध्यमद्वारा समाजमा महिलाहरु विरुद्ध हुने लैङ्गिक विभेदमा आधारित हिंसाका घटनाहरुमा कमी आउने हुनाले स्वस्थ र सृजनशील समाजको निर्माणमा सघाउ पुग्दछ । महिला सशक्तिकरणको माध्यमद्वारा महिलाहरुको आर्थिक अवस्थामा सुधार हुने र महिला रोजगारीमा अभिवृदि हुने हुन्छ । (विष्ट र फोशी, २०६७)

नेपालको अन्तरिम संविधान २०६३ ले सशक्तिकरणको विषयलाई राज्यको मूख्य दायित्व र सुनिश्चित गर्दै समुन्नत न्यायपुर्ण तथा लैङ्गिक रुपले समावेशी र समतामुलक नयाँ नेपाल निर्माण गर्नु उक्त योजनाको दीर्घकालिन सोच रहेको उल्लेख छ ।

- महिलाको समान अधिकार सुनिश्चित गर्दै लैङ्गिक रुपले समावेशी र समतामूलक समाज निर्माण गर्ने

- महिलावीचमा हुने सबै प्रकारका हिंसा र विभेदको अन्य गर्ने

- द्वन्द्व प्रभावित र विस्थापित महिलाको सामाजिक पुन स्थापना गर्ने तथा द्वन्द्व समाधान र शान्ति प्रक्रियामा महिलाको क्रियाशील सहभागिता सुनिश्चित गर्ने जस्ता उद्देश्यहरु रहेका छन् ।

**महिला सशक्तिकरणका महत्वपूर्ण कारक तत्वहरु**

- महिला दक्षता र क्षमताको वृद्धिले देशमा क्षमतावान जनशक्तिको आपूर्ति बढाउन सकिन्छ ।

- लैङ्गिक भेदभावरहित तथा समतामुलक समाजको निर्माणबाट न्यायपूर्ण समाजको स्थापना गर्न सकिन्छ ।

- महिला शिक्षाले केटाकेटीको शिक्षादिक्षा तथा स्वास्थ्य र सरसफाइमा ज्यादा सहयोग पुग्दछ ।

- महिलामा गरिने पूँजी लगानीबाट पुरुष भन्दा ज्यादा आर्थिक प्रतिफल प्राप्त गर्न सकिन्छ ।

- पारिवारिक कल्याण अभिवृदिमा पुरुषभन्दा महिलाकै भूमिका अहम् हुन्छ ।

- सामाजिक पछौटिपनबाट महिलालाई उत्थान गरेर पुरुष सरह तुल्याइएमा उनीहरुको आत्मविश्वास तथा आत्मसम्मान बढ्न गई समतामूलक समाजको निर्माण हुन्छ । ( ढकाल, २०६७ )

**नेपालमा महिला सशक्तिकरणमा लागि हाल सम्म भएका प्रयासहरु**

- आमाको नामबाट नागरिकता प्रदान गर्न सकिने कानुनी व्यवस्था

- सम्पतिमा छोरीको अधिकार सम्बन्धि कानुनी व्यवस्था

- सार्वजनिक सेवाका पदहरुका लागि ३३% सिटहरुमा महिलाहरु को आरक्षणको लागि छुट्याइएको

-महिलाको नाममा अचल सम्पति जस्तै जग्गा, जमिन, घर आदि नामसरी गर्दा लाग्ने राजस्व दस्तुरमा २५% छुटको व्यवस्था

- राष्ट्रिय महिला आयोगको स्थापना

- विवाहको लागि तोकिएको न्युनतम कानुनी उमेर महिला र पुरुष दुवैको लागि समान निर्धारण गरिएको छ । (विष्ट २०६७)

## विधवा महिलाहरुको सामाजिक अवस्था

नेपाली समाजमा विवाहित दम्पतीमा श्रीमतिको भन्दा पहिले श्रीमानको मृत्यु भएमा त्यस महिलालाई विधवा महिला भनेर चिनिन्छ भने कुनै पनि महिलाको मृत्यु श्रीमानको भन्दा पहिले हुन्छ भने त्यसलाई सधुवा (सौभाग्यवती) भनेर चिनिन्छ । जुन महिला विधवा हुन्छे त्यसलाई आफ्नो सिन्दुर पोते चुरा लगायतका सौभाग्यको प्रतिक रातो रंगलाई समेत त्याग्नुपर्ने प्रचलन प्राचिन समयदेखि रही आएको छ । जसले गर्दा हाम्रो समाजमा सौभाग्य सूचक रातो रंगका कपडाहरु तथाश्रृङ्गारहरु प्रयोग नगरेका महिलाहरु लाई टाढैबाट पनि विधवा भनेर पहिचान गर्न सकिने हुन्छ ।

प्राचिन धर्मशास्त्रले नारीलाई बाल्यकालदेखि विवहापुर्वको अवस्था पिताको, विवाहित भएपछि पतिको र वृद्धावस्थामा छोराको अधिनमा रहनुपर्ने वाध्यात्मक व्यवस्था गरी नारीलाई पुरुषहरुको नियन्त्रणमा राख्न खोजिएको भएतापनि विभिन्न विद्वान मुनिहरुको दृष्टिकोण भने महिलाप्रति सम्मानजनक रहेको पाइन्छ । यसरी प्राचिन धर्मशास्त्रमा नारीको स्थान उच्च रहेको छ । मनुस्मृतिमा मनुले “यत्र पुज्येते नारी, तत्र रमन्ते देवता” अर्थात जहाँ नारीलाई सम्मानपूर्वक व्यवहार गरिन्छ त्यहाँ देवताहरु पनि खुशी हुन्न् भनी व्याख्या गरेको पाइन्छ । ( मनुस्मृति, १९९६ )

यसरी एकातर्फ महिलालाई सम्मानजनक स्थान प्रदान गरिएको । भने अर्कोतर्फ त्यतिबेला पनि बालविवाह,बहु विवाह जस्ता कुरीतिहरुले भने जरो गाडेको पाइन्छ । धार्मिक गन्थमा आधारित श्री स्वस्थानी व्रतकथाका अनुसार ७० वर्षको शिवशर्मा ब्राम्हणलाई ७ वर्षकी बालिका गोमाको विवाह गरिदिनुले त्यतिबेला यस्ता कुप्रथालाई सरल रुपमा ग्रहण गरेको अनुमान गर्न सकिन्छ ।

प्राचीन समाजमा नारीहरु पत्नी, आमा, र छोरीका रुपमा पुरुषहरुको सेविकाको रुपमा मात्र रहन्थ्ये, पुरुषहरुलाई खुशी पार्नु नै नारीको परम कर्तव्य मानिन्थ्यो भन्ने कुराहरुले समेत हाम्रा धर्मग्रन्थहरुले प्रमाणित गरेको तथ्यलाई नकार्न सकिने अधार रहदैन ।

नेपालको ऐतिहासिक परिवेशलाई दृष्टिगत गर्दा पनि किरातकाल, लिच्छवीकाल र मल्लकालमा पनि धर्मशास्त्र र तत्कालिन प्रचलनलाई मुख्य आधार बनाई महिलाहरु माथि व्यवहार गरेको पाइन्छ भने नेपालको एकीकरणसँगै सुरु भएको आधुनिक कालमा

धर्मशास्त्रलाई मान्यता दिए पनि केहि लचकता आउन थालेको महशुस हुन्छ । त्यस कालमा विधवा विवाहलाई केहि मान्यता दिइएको थियो भने स्त्री जातिलाई ज्यान सजाय गर्ने चलन नभएपनि कठोर सजायको रुपमा नाक काटिने जस्तो कठोर प्रावधान थियो । तर पनि पृथ्वीनारायण शाहपछिका विभिन्न शाहवंशीय रानीहरु राजनीतिमा हर्ताकर्ता भई नायवीको रुपमा शासन गरेर तत्कालिन राज्य व्यवस्थामा महिलाको महत्वपूर्ण भूमिकालाई केवल राजपरिवार बाहेक सर्वसाधारण महिलाको भने उच्च स्थान रहेको देखिन्छ । (के.सी. २०५५)

यसरी नेपाली समाजमा प्राचीन समयदेखि नै महिलालाई एकातिर सम्मानजनक स्थान दिइदै आएतापनि अर्कोतिर विधवा महिलालाई भने प्राचीन समयदेखि नै हेपिएको हुदाँ यसको अवशेष आधुनिक समाजमा पनि देख्न सकिन्छ । समाजमा विधवा महिलाको स्थान जतिसुकै महत्वपूर्ण रहेतापनि यसको उचित मूल्याङ्कन भएन भने सामाजिक साथै आर्थिक अवस्था समेत विस्तारै गिर्दै नजाला भन्न सकिदैन । जबसम्म नेपाली समाजमा शिक्षाको उज्यालोले हरेक व्यक्तिलाई स्पर्स गर्न सक्दैन तबसम्म विधवा महिलाले सम्मानजनक व्यवहार प्राप्त गर्न कठिन नहोला भन्न सकिदैन् ।

## २.२ सैद्धान्तिक अवधारणा

नेपालमा नारीलाई दोस्रो दर्जाको अर्थात भूमिकाविहीन नागरिकको रुपमा हेरिने गरेको पाइन्छ । संसारको सृष्टिको आधार पनि नारी नै हुन यद्यपि अधिकांश विकसित एवम् विकास्वउन्मुख मुलुकहरुमा नारीहरु दमन, उतपिडन एवम् शोषण भएका छन् । कुनैपनि समाजको संरचना नारी र पुरुषबाट बनेको हुन्छ । समाजमा महिला र पुरुश्रषको अधिकार र दायित्व पनि समान हुन्छ । समाजलाई अघि बढाउन विकास र संस्कृतिरुपि रथका दुई पाङ्ग्रा मध्य एक पुरुष र अर्को नारीलाई मान्दै आएको पाइन्छ । तर यसो हुदाहुदै पनि पितृसत्तात्मक सोचबाट जड्किएको हाम्रो जस्तो समाजले महिलाहरुलाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गरेको छ । जसमा पुरुषको दाजोमा नारीहरु पछाडि परेका छन् । हिन्दु धर्म अनुसार महिलालाई धनकी देवी, शक्तिकी देवी तथा विद्याकी देवी मानिदै आएतापनि हिन्दु समाजमा महिलाहरुको स्थान र सामाजिक अवस्था उच्च छ भन्न सकिदैन् । विभिन्न ऐतिहासिक परम्परा अनुसार एकल (विधवा) महिलाहरुलाई समाजले गर्ने तथा हेर्ने दृष्किोण समय, जात र धर्म अनुसार फरक फरक रहेको पाइन्छ ।(सिहं र श्रेष्ठ २००६)

**हिन्दुधर्म अनुसार एकल (विधवा) महिलाको अवस्था :**

बौदिक कालमा विधवा महिलाहरुको स्थिति अन्य काल भन्दा केहि सुधार देखिन्छ जहाँ कि त्यो समयमा एकल महिलाहरुले आफ्नो श्रीमानको मृत्यु पश्चात पनि विवाह गर्न पाउने र तिनीहरुले अन्य कालको भन्दा केही मनोरञ्जन गर्न पाउने अवस्था देखिनछ । त्यसैले मनुस्मृतिको अनुसार एकल महिलाको स्थिती अलि कमजोर खालको देखिन्छ किनकी उनको अनुसार महिलाहरु आफ्ना श्रीमानको मृत्यु पश्चात अति कष्टकर जीवन गुजार्नुपर्ने स्थिती छ । उनहरुले श्रीमानको मृत्यु पश्चात मरेका श्रीमानको मोक्ष प्राप्तिको निम्ति गर्नुपर्ने सम्पुर्ण कार्य गर्नुपर्दछ र पुरुषसँग विवाह गर्न नहुने धारणा पाइन्छ ।। उत्तर बौदिक कालमा एक महिला एक पुरुष भन्ने मान्यता पाइन्छ । जसमा कुनैपनि महिलाको श्रीमान मरेपछि उसले दोस्रो पुरुषसँग विवाह गर्ननहुने श्रीमानले दिएको रातो टीका, चुरा, पोते लगााउन नहुने, सधैभरी सेतो पोशाकमा हुनुपर्ने धारणा व्यक्त गरिएको पाइन्छ । (सिंह र श्रेष्ठ २००६)

**बौद्ध धर्म अनुसार एकल (विधवा) महिलाको अवस्था**

बौद्ध धर्म अनुसार खासै लैङ्गिक विभेद भएको पाइदैन र कुनैपनि सती प्रथाको व्यवस्था भएको देखिदैन जवकि महिलाहरु श्रीमानको मृत्यु पश्चात मरेको श्रीमानसँगै जिउँदै जल्नुपर्ने अवस्था छैन । विधवाको लागी कुनैपनि संस्कार वाधा व्यवधानहरु रहेको पाइदैन बौद्ध धर्मालम्बी समाजमा जुनसुकै विधवाले पनि यदि तिनीहरुले चाहे भने विवाह गर्न सक्दछन् । (सिंह र श्रेष्ठ २००६)

**लैङ्गिक अवधारणा**

लैङ्गिक अध्ययन सामाजिक विज्ञानमा देखाइएको एउटा नयाँ विषय हो । हुन त प्राचिन समयमा पनि जेन्डरका अवधारणा नभएको होइन मात्र अदृष्य रुपमा रहेको थियो यद्यपि जेन्डरलाई लिङ्ग समरुपतासँग पनि लिइएको पाइन्छ । वास्तवमा लिगले भौतिक शारीरिक संरचनालाई भलल्काउँछ भने जेन्डरले महिला र पुरुषको सामाजिक सास्कृतिक अभ्यासलाई प्रतिनिधित्व गर्दछ । कुनैपनि समाजमा महिला र पुरुषद्वारा अपेक्ष गरिएको व्यवहार एंव गुणहरुको भूमिकाहरुका समुहलाई जेन्डर भनिन्छ । यसप्रकार जेन्डरले न त महिला मात्रलाइ संकेत गर्दछ बरु यसले महिला र पुरुष दुवैको समाजमा खेलिएको भूमिका वा

व्यवहारलाई प्रतिनिधित्व गर्दछ । जसको निर्धारण सोहि समाजको सामाजिक अभ्यासले गर्दछ ।(चौलागाँई, २०६०)

यसरी जेन्डरले महिला र पुरुषको सामाजिक सास्कृतिक भूमिकालाई प्रस्ट्याँउछ भने महिला र पुरुषबीचको समान एवम्असमान कार्यका सम्बन्धमा लैङ्गिक अध्ययनले चासो लिएको हुन्छ । यसको अतिरिक्त समाजमा विद्यमान विभिन्न असमानताहरु के कति कारणले सिर्जना गरिएका छन र कसरी यसको समाधान गर्न सकिन्छ साथै विभिन्न नीति नियम एंव चेतनशील कार्यक्रमको आवश्यक्ता तथा निर्माणमा समेत लैङ्गिक अध्ययन गरिन्छ । लैङ्गिक अध्ययन हुनुपूर्व महिलालाई पुरुषको सहयोगिको रुपमा मात्र हेरिन्थ्यो । महिलाको भूमिकालाई खासै महत्व दिइदैनथ्यो । यस अध्ययनले सामाजिक सास्कृतिक परिवेशमा महिला र पुरुष जो निम्न स्थानमा रहेको देखिएको वा देखाइएको छ । उसलाई समानता तर्फ लम्कन मुरवरित गर्दछ । वर्तमान हाम्रो सामाजिक परिवेश पितृसत्तात्मक छ जहाँ पुरुषको वोलवाला र हैकमवाद चल्छ यहाँ महिलालाई हेर्ने आखाँ दोषी छन् त्यसैले दोषी आखाँलाई औषधीमूलो गरी न्यायसंगत दृष्टिले महिला र पुरुषलाई समान महत्व र योगदानलाई खुल्ला हृदयले आत्मानुरुप गराउनु लैङ्गिक अध्ययनको मूल उद्देश्य हो । (पोखरेल, २०६०) इतिहासलाई हेर्ने हो भने अठारौँ शताब्दीमा बेलायतमा थालिएको सुधार र पुर्वजागरणको प्रभाव पछि महिलालाई हेर्ने दृष्टिकोणमा भने केहि परिवर्तन भएको पाइन्छ । त्यसैगरी ६० को दशकमा भएको महिला आन्दोलन देखिनै लैङ्गिक अध्ययनको आरम्भ भएको हो । तरपनि महिला सम्बन्धी खासै पुस्तकलेख रचनाहरु भने प्रकाशित भएका थिएनन् । तत्पश्चात सन् १९४९ मा फ्रान्सिस लेखिका “simon” को “The second sex”नामक पुस्तक प्रकाशित भयो । जसमा नारीत्व सम्बन्धि पुरानाचिन्तनका विरुद्ध वर्णन गरिएको पाइन्छ । वास्तवमा यस पुस्तकलाई नै महिलाका विषयमा लिखित प्रथमAcademic book मान्न सकिन्छ । सन् १९६२ मा “Betty Friden” को “The Feminine mystiqe”प्रकाशित भयो जसमा तत्कालिन समाजमा व्याप्त रहेको महिला अधीनतालाई राम्रोसँग चित्रण गरिएको थियो जसले नविन हलचल नै मच्चियो साथै उक्त पुस्तकले महिलावादी आन्दोलनको महत्वपुर्ण जग बन्न पुग्यो त्यसले गर्दा घरभित्र गुम्सिएर रहेका महिलाहरुलाई घरबाहिर आएर आफ्नो अधिकारको लागी लढ्नको लागी प्रोत्साहन समेत गऱ्यो जसको सर्न्दभमा विभिन्न किसिमका महिलावादी सिद्धान्तको विकास भयो । ( पोखरेल, २०६०)

**महिलावादी सिद्धान्तहरु**

महिलावादी सिद्धान्तले महिला र पुरुषको समाजमा हुने हैषियत र स्थानबारे व्याख्या र विश्लेषण गर्दछ । मानव समाज र सस्कृतिको उत्पतिदेखि वर्तमान अवस्थासम्म महिला सम्बन्धमा भएका सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक व्यवस्थालाई ऐतिहासिक दृष्किोणबाट विश्लेषण गर्दछ । सामाजिक र सास्कृतिक असमानताहरु पुरुष बाट महिला माथि हुने शोषण, दमन र उत्पीडन, राज्यद्वारा अबलम्बन गरिएका कानुनी व्यवस्था र प्रदान गरिएका अधिकार त्यसको सामाजिक प्रभावका बारेमा व्याख्या र विश्लेषण गर्दछ । सोहि सर्न्दभमा “स्हेभी ज्याम्सन” भन्दछन् । महिलावादी सामाजिक सिद्धान्त महिला र पुरुष बीचको आधारभूत  असमानताहरुको सुझबुझ र महिला उपरको पुरुष सत्ता र शक्तिको विश्लेषण सँगै सम्बधित छ । नारीवादी सिद्धान्त यस्तो सिद्धान्त हो, जसले महिला र पुरुषको स्थान र भूमिकामा सास्कृतिक रुपले स्थापित संस्थागत प्रक्रियाको अध्ययन गर्दछ । मूलत महिलावादी सिद्धान्तले महिलामाथि हुने पुरुषको प्रभुत्व भनेको भनेको कुनै विशिष्ट समाजमा सामाजिक, आर्थिक, राजनैतिक व्ययस्थाबाट सृजना हुने सामाजिक तथ्य हो भन्ने कुरा उजागर गर्दछ । महिला र पुरुषको लैङ्गिक भूमिकाको व्याख्या गर्ने क्रममा प्रतिपादित विधि हो । महिलावादी सामाजिक सिद्धान्तका मूख्य मान्यता निम्न छन् ।

१) महिलाको पराधिनमा र उत्पीडनको आधार स्वयम् समाज हो ।

२) महिलामाथि हुने विभेद प्रकृति प्रदत नभै सामाजिक हुन्छ ।

३) आर्थिक सामाजिकराजनैतिक व्यवस्थाको परिवर्तन सँगै महिला माथिको दमन र उत्पीडनमा परिवर्तन हुदै आएको छ ।

४) नारीवादी सिद्धान्तहरु वैचारीक आन्दोलनका उपाय हुन जुन मार्क्सवादी विचारसँग नजिक छन् । महिला माथि हुने सामाजिक उत्पीडन पुरुष दमन, महिला मुक्ति आन्दोलन, राज्यका नीति नियम कानुन महिला स्वतन्त्रता जस्ता महिलाहरुको बहुआयमिक पक्षसँग सम्बन्धित विषयवस्तुहरुको व्याख्या गर्ने विचार गर्ने र अवधारणाहरुको विकास भएको छ । जसमा अहिले सम्म मूलत चारवटा सिद्धान्तहरु बढी प्रचलनमा छन् ।

१)उदारवादी महिलावाद

२) मार्क्सवादी महिलावाद

३) समाजवादी महिलावाद

४) आमुल महिलावाद

उल्लेखित चारवटा सिद्धान्तहरुको बैचारिक आधार दुईवटा देखिन्छन् ।

१) महिला पराधीनताको प्रमुख कारण पुँजीवादको उपज

२) महिलाको उत्पीडन र पराधीनताको कारण पुरुष सत्ता वा पुरुष प्रणली हो ।

समाजमा रहेका प्रत्यक तहमा लैङ्गिक असमानता रहेको छ । जुन समाजको सामाजिक संगठनकै परिणत हुन् । यिनलाई जैविकीय र मनोवैज्ञानिक पक्षलाई जिम्मेवार कारक तत्व मानेर पन्छिन मिल्दैन र यस्तो विभेदहरुको कारक तत्व समाज नै हो । त्यस्तालैङ्गिक असमानताको व्याख्या गर्ने सिद्धान्तहरु सक्षेपमा चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

**क) समाजवादी महिलावाद**

समाजवादी महिलावादीहरुले पुँजीवादी उत्पादन सम्बन्धले पुरुष कामदारको शोषण मार्फत महिलाको पनि शोषण गर्दछ । महिलालाई नाफाको अतिरिक्त र सुलभ श्रोतका रुपमा उत्पादन कार्यमा संलग्न गराँउछ भन्ने सामन्ती पुँजीवाद परस्त पुरुषतात्मक संस्कृति पनि त्यतिकै जिम्मेवार छ । महिलाहरु श्रृङ्गारका वस्तु दास विज्ञापन र उपभोग्य वस्तुका रुपमा परिणत हुनुमा पुँजीवादी प्रणालीले सृजना गरेको वाध्यात्मक आधुनिक पुँजीवादी समाजले महिलाहरुलाई फेशनका बस्तुहरु सौन्दर्य पैशाधन गर्ने उपभोग्य बस्तुका रुपमा स्थापित हुन विवस बनाएको छ भन्ने हो, समाजको सामाजिक र सांस्कृतिक संरचनाको कारणले यस्तो भएको हो भन्छन् (शर्मा, २०६६)

समाजवादी महिलाहरु समाजमा रहेको सबै प्रकारका अन्यायको खारेजीलाई जोड दिदै सबै प्रकारका दमन र अत्याचारको विरुदको संघर्ष अर्थव्यवस्थाको आवश्यक्ता गर्दै काममा व्यक्तिगत स्वतन्त्रतालाई जोड दिन्छ । सामाजिक असमानता र लैङ्गिक असमानताको कारक तत्वका रुपमा जहिल सामाजिक व्यवस्थालाई जिम्मेवार भन्दछ । त्यस्तै उत्पादन व्यवस्थाको पुनर संरचनाबाट सामाजिक समानता कायम गर्न सकिने धारणा राख्दै पितृसत्ता मात्रै लैङ्गिक

विभेदको कारक नभई प्राचिन समाजमा पनि असमानताहरु थिए भन्ने मार्क्सवादी विश्लेषण भन्दा फरक तरिकाले विश्लेषण गर्न खोजेको छ ।

समाजवादी महिलावादीहरु महिलाको भूमिका व्याख्या गर्दा लिङ्गका आधारमा रहेको श्रम विभाजनको अवस्थाको विश्लेषण साथै सामाजिकीकरण तथा पुनउत्पादन मा भूमिका र अवस्थाका बारेमा पनि विश्लेषण गर्ने धारणा राख्दछन् । प्रत्येक समाजमा रहेका यौन व्यवहारहरुमा महिलाको कसरी र किन प्रभावित छन् भन्ने व्याख्या र बुझाई पनि महत्वको हुने हुँदा  महिलाहरु जो पुरुषबाट बढी सताइन्छन् । त्यसमा यौन व्यवहार पनि महत्वपूर्ण हुन्छ । जसलाई अध्ययनमा जोड दिनुपर्छ । थ्यगलन थोङ्गका अनुसार श्रम विभाजन बारेको व्याख्या गर्दा बर्गीय व्याख्या भन्दा लैङ्गिक सम्बन्ध र भूमिकाको व्याख्यालाई बढी निर्दिष्ट गर्न आवश्यक छ । समाजवादी महिलावादी व्याख्यामा समाजको यथार्थतामा बसेर लैङ्गिक भूमिका र अवस्थाका बारेमा प्रकाश पार्न खोजिएको छ । सम्पूर्ण सामाजिक व्यवस्थाभित्रको यथार्थ जहिलता भित्रै बसेर मात्र लैङ्गिक विश्लेषण गर्न सकेमा मात्र महिलाका यावत पक्षका बारेमा वास्तविकता बुझाई हुन सक्छ भन्ने मान्यता रहेको छ ।

**ख) पितृसत्ता**

पितृसत्ता एउटा परिवार संरचना हो । जहाँ परिवारका जेष्ठ पुरुष सदस्यले त्यस परिवारलाई नियन्त्रण र निर्देशन गरेको हुन्छ । त्यस्तो परिवारमा समुदायका आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक, सांस्कृतिक आदि सवै पक्षसँग जोडिएका सामाजिक सम्बन्ध, व्यवहार र क्रियाकलापहरुमा पुरुषको प्रभूत्वदायी भूमिका रहेको हुन्छ । पुरुष भएकै कारण यस्तो परिवारमा पुरुष व्यक्तिको अधिकार बढी हुन्छ । यस्तो परिवारमा बंश परम्पराको हस्तान्तरण पनि पुरुष प्रद्धत हुन्छ । अर्कातिर विवाहपछि महिलाहरु पुरुष (लोग्ने) का घरमा जान्छन् । त्यहि उसको स्थायी बसोवास हुन्छ । उसले आफ्नो थर समेत परिवर्तन गरी लोग्नेको थरमा परिवर्तन गर्दछे । सामाजिक व्यवहार, क्रियाकलाप, भूमिका आदानप्रदान तथा सामाजिक मानमर्यादाको दृष्टिकोणले पनि समाजले पुरुषलाई सबै अधिकार दिएको हुन्छ । यसैले कमला भाषिनले भनेजस्तै यस्तो संरचना जहाँ महिलामाथि पुरुषले दमन, शोषण र विभेद् गर्दछ वा शासन गर्दछ त्यो नै पितृसत्ता हो । आज विश्वका अधिकांश परिवारमा पितृसत्ता प्रवृति छ, त्यसैले परिवारभित्र महिला र पुरुष बिच समान हैसियत कायम हुन सकेको छैन् ।

समाज उद्‌विकासको उषाकालमा समाज मातृसत्ता मा आधारीत थियो । मोर्गान का अनुसार परिवारको उद्‌विकासको क्रममा पहिलो चरण विशेष गरी सिकारी तथा कन्दमुल बटुल्ने समाज सम्म मातृसत्तामा आधारित परिवार थियो तर कालन्तरमा विशेष गरी दास समाजको विकास सँगै पितृसतात्मक परिवारको विकास हुन पुग्यो । यसैगरी एन्गाल्सले 'The origion of family, private property and the state'भन्ने कृतिमा समाजमा व्यक्तिगत सम्पतिको अधिकार स्थापनाको प्रक्रियासँगसँगै परिवारको उदय भयो र पाशाविक(savagery) युगपछि पशुपालनको युगमा प्रवेश सँगै पितृसत्ताको सुरुवात भयो । सम्पतिमाथि समुदायको मोह, हक र प्रभुत्व सम्बन्धी धारणाको विकाससँगै विशेष गरी दास समाजमा सामन्तहरुले महिलादासि पनि राख्न थाले । अर्कातिर परिवारमा श्रम विभाजनको प्रक्रियामा महिलाहरु घरभित्रका कार्यमा संलग्न हुने र पुरुषहरु सिकार उत्पादन तथा स्रोत नियन्त्रण गर्ने तह सम्म पुग्न थाले । त्यपछि समाजमा पुरुषहरुको प्रभुत्व झनझन् बढ्दै आयो त्यसैले सामाजिक विकासको लामो प्रक्रयाको परिणति का रुपमा पितृसत्ताको विकास हुन सक्यो । अझ पूँजिबादमा पितृसत्ता झन् बढि बलियो भएको विचार नारीवादीहरुको रहेकोले पुँजिवाद र पितृसत्ता बिचको सम्बन्धलाई जोड दिनुपर्ने उनीहरुको धारणा छ ।

वर्तमान समयमा पितृसत्तालाई एउटा सामाजिक संस्थाका रुपमा दिन सकिन्छ । जहाँ महिला तथा पुरुषका विच अझैपनि प्रसस्त असमानताहरु रहेका छन् । सस्थागत रुपमा नै महिलाहरु बढी दमित छन् । यो पनि सत्य हो कि विभिन्न सामाजिक, सांस्कृतिक प्रचलन र मान्यताका कारण परिवारमा पुरुषबाट महिला र महिलाबाट महिला नै शोषित भएका छन् । पुरुष प्रधान समाजमा महिलाले महिलामाथिको नियन्त्रण गर्नुलाई पनि निकै महत्वको विषयको रुपमा उठाइनुपर्ने देखिन्छ । सामान्य एउटा परिवारमा पुरुषको हाराहारीमा महिलाबाट महिला नै सताइएका हुन्छन । यो यर्थाथतालाई पनि लैङ्गिक विश्लेषणका विषयबस्तु भन्दा अलग गर्न सकिदैन । पितृसत्ता सम्बन्धी के भन्न सकिन्छ भने पुरुषको महिलामाथि संस्थागत प्रभुत्व रहेको पारिवारिक संरचनालाई पितृसत्ता भन्न सकिन्छ । यस्तो पितृसत्तामा विशेष गरी निम्न पक्षमा महिलाको कम तथा पुरुषको अत्याधिक प्रभुत्व रहेको हुन्छ ।

- सम्पतिमाथि अधिकार
- राजनैतिक शक्तिमा पँहुच

- सामाजिक हैषियत
- निर्णय प्रक्रियामा पँहुच
- सामाजिक क्रियाकलाप
- कानुनी अधिकार
- घुमफिर तथा मनोरञ्जन गर्ने अधिकार
- धर्म सस्कृतिको निरन्तरताका क्रियाकलापहरु
- शिक्षा, जागिर तथा वृति विकासका अवसरहरु

समाजमा रहेको पितृसत्ता र त्यसै अनुरुपको सामाजिकीकरणको प्रक्रियाले महिला र पुरुषलाई विभेद रहन सक्ने परिस्थितीको सिर्जना भएको छ । अर्कातिर पितृसत्ता बाट निर्देशित व्यवहार, कानुन, शिक्षा र सिङ्गो अवस्थामा महिलाहरु समान रुपमा समेटिन नसकेको अवस्था पनि छ । तर सम्पन्न शिक्षित तथा धनि देशहरुमा रहेका महिलाहरुको तुलनामा गरिब देशका महिलाहरुाको अवस्था झन कमजोर खालको छ । यद्यपि पुरुष सरहका व्यवहार, अधिकार र पँहुच भने विश्वका कुनैपनि देशका महिलाहरुमा रहन सकेको छैन् । ( आचार्य, २०६३)

## २.३ पूर्व साहित्यको समीक्षा

कुनैपनि अध्ययन अनुसन्धान कार्य गर्दा त्यसभन्दा अगाडि भएका सम्बन्धित विषयको बारेमा प्रकाशित पुस्तक, लेख, रचना तथा विभिन्न पत्रपत्रिकाहरुको सहायता लिनु आवश्यक छ र यस अध्ययनमा पुग्न विभिन्न विद्वानहरुद्वारा नेपालका एकल महिलाहरुको सामाजिक सांस्कृतिक पक्ष माथि अध्ययन गरी प्रकाशित भएका पुस्तक बुलेटिन पत्रपत्रिकाहरुलाई सान्दर्भिक सामाग्रीको रुपमा समिक्षा गरी तिनका आवश्यक अंशहरु अध्ययनमा राखिएको छ ।

विश्वको कूल जनसङ्ख्याको आधा संख्या महिलाको रहेको छ । त्यस्तै नेपालमा पनि महिलाको संख्या आधाभन्दा बढी नै छ । यसरी आधा हिस्सा ओगट्ने महिला वर्गको अझै सम्म पनि समाजका पुरुष सरहको भूमिका पाइदैन । कुनै पनि समाज सञ्चालनको निमित्त महिला पुरुषको समान भूमिका रहन्छ । त्यसैले महिला र पुरुषलाई एक रथका दुई पाङ्ग्रा भनिन्छ । यसको अर्थ कुनै पनि क्षेत्रमा महिला र पुरुषको समान दायित्व र समान

अधिकारलाई बुझाउँदछ । तर आज यसको ठीक विपरित समाजमा महिलालाई तल्लो स्तरको नागरिकको रुपमा हेर्ने नारीलाई सामाजिक, आर्थिक,सांस्कृतिक तथा राजनैतिक रुपले नै असमान व्यवहार गरी महिलालाई विकासका वा अन्य कुनै क्षेत्रमा समान सहभागिता र अधिकार दिइएको छैन् । अझ हाम्रो देश गाउँ नै गाउँ नै भरिएको अविकसित देशको रुपमा रहेको छ । त्याहाँका जनताहरु धेरैजसो ग्रामिण भू-भागमा नै बसोवास गर्दछन् । ग्रामिण क्षेत्रमा अझै पनि महिला र पुरुषलाई समान किसिमका दायित्व र अधिकार दिनुपर्छ भन्ने कुराको चेतना हुन सकेको छैन् । धार्मिक दृष्टिकोणमा हेर्ने हो भने नेपालमा प्राय हिन्दु धर्म मान्ने मानिसहरु बढी रहेका छन् । धर्मको आडमा महिला पुरुषको दासी, सेविका हो त्यसैले महिलाहरु पुरुषको तुलनामा तल्लो स्तरमा नै रहन्छन् । बाचुन्जेलश्रीमानको मृत्यु सतिभक्ति गर्नुपर्दछ । (भण्डारी, २०६३)

विवाहलाई समाजले एउटा प्रमुख सम्मानित तथा समाजको पूरकको रुपमा लिइरहेको पाइन्छ । विवाह महिला र पुरुषमा गाँसिने सम्बन्धको प्रत्यक्ष प्रमाण हो । विवाहले नै महिला र पुरुष बीच धेरै ढोका खोलिदिएको हुन्छ । तर जब कुनैपनि महिलाको विवाह गरेको श्रीमानको मृत्यु हुन्छ  अनि ती महिलाको विवाहपछि प्राप्त गरेका कतिपय चिजहरु गुमाउनुपर्छ । लगाउने खाने मात्र नभई एउटा पुरुषसँगको सम्बन्धनै छुट्न जान्छ । एकल महिलाहरु पनि श्रीमानको मृत्युपछि एक्लिएका हुन्छन् । तर पुरुषसँगको सहयात्रामा बाँच्ने र धेरैजसो पुरुषमा नै निर्भर हुने भएकाले पुरुषको कमी पुरुषले नै पुरा गर्न सक्छ भन्ने सोच रहेको हुन्छ । र सो कमी पुरा गर्न पुन विवाह गर्ने त गर्दछन् । तर कुनै पनि समाजमा श्रीमानको मृत्यु भएको महिला भन्दा श्रीमतीको मृत्यु भएका पुरुषले चाडै विवाह गर्ने गरेको पाइन्छ । (थापा, २०६२)

नेपाली समाजमा उमेरका आधारमा दुई प्रकारका विधवा महिलाहरु रहने चलन छ । एउटा बाल विधवा अर्को प्रौढ विधवा महिला छन् । केवल विवाहको विधि मात्र पुरा भएका तर पति सँग कुनै शारीरिक सम्बन्ध नभई पतिको मृत्यु भएका यस्ता महिलालाई बाल विधवा भनिन्छ । जसलाई पति पत्नि बीचको सम्बन्धको बारेमा केहि थाहा हुदैन अर्थात कलिलै उमेरमा विवाह भै उमेर नपुगि श्रीमानको मृत्यु त्यस्ता महिलालाई वाल विधवा भनिन्छ । अर्को प्रौढ विधवा महिला जसलाई पति पत्नि बीचको सम्बन्ध थाहा हुन्छ तर कसैको

बालबच्चा हुन्छन् कसैको हुदैनन्, बच्चा भएपनि नभएपनि पतिसँग दाम्पत्य जीवन बिताएको पत्निलाई पति मरेपछि विधवा भन्ने चलन छ। (ओझा, २०५६)

राष्ट्रिय जागरणमा २०५८ अनुसार महिलाको संख्यामा पुरुषको भन्दा ०.०८% बढी देखिन्छ। (CBS, 2003)नेपालमा नेपाली महिलाहरुलाई समाजको बहुमुखि विकास गराउन सकेमा देशको समग्र विकासलाई अघि बढाउन बल पुग्ने हुन्छ। यस वास्तविकता लाई स्वीकार गरी छैटौं योजना देखि विकासमा महिला सहभागिता राष्ट्रिय नीतिको रुपमा अबलम्बन गरी महिला विकासका लागि क्षेत्रगत कार्यक्रम कार्यान्वयन र संस्थागत विकास गरिएको भएतापनि लैङ्गिक समानता कायम गर्ने क्रममा खासै प्रगति हुन सकेको छैन्। (राष्ट्रिय योजना आयोग )

एकल महिलाहरुको यौनिकतालाई धर्मसँग गाँसिएर श्रीमान्को मृत्युपछि कुनै पनि पुरुषलाई हेर्ने, छुन, वा सम्बन्ध राख्न नहुने मान्यतालाइ बढवा दिईरहेको पाइन्छ। पितृसत्तात्मक समाजले गर्दा नै महिलाहरुलाई विवाहपछि श्रीमान्सँग मात्रको यौन मान्यता दिइन्छ भने श्रीमान्को मृत्युपछि एकल महिलाहरुमा यो कुरा असम्भव र समाजले स्वीकार्य नगर्ने गरेको पाइन्छ। द्वन्द्वले गर्दा १६ वर्षदेखि २० वर्षको प्रजनन उमेरमा युवतीहरु एकल महिला बन्न पुगिरहेको अवस्थामा यौनिकताको विषयमा गहन भई खुलेर बहस गर्नुपर्ने अवस्था सिर्जना भएको छ। (नारी, २०६६)

विधवाले हाँसखेल गर्न नहुने, रमाईलो गर्न नहुने, एक रंग सेतो सादा कपडा लगाउनु पर्ने, नेपाली समाज अनुसार विधवाले रंगिन लुगा लगाउन नहुने, पूजा पाठ र धार्मिक चाडपर्वमा अघि सर्न नहुने, कतिपय धार्मिक कार्यमा उनीहले पूजाका सामान बनाउन वा छुने काम गर्न निषेध गरिएको हुन्छ। विधवाले छुँदा वा साईतमा देखा पर्दा राम्रो हुँदैन भन्ने सामान्य धारणा समाजमा प्रचलित छ। (ओझा, २०५६) उहाँको अनुसार हाम्रो परम्परागत धारणा अनुसार विधवाहरुले हासखेल रमाइलो परै जाओस, एकरंगे वस्त्र पहिरिएर वस्नु तथा धार्मिक कार्यमा अगाडि सर्नबाट वन्चित गरी अशुभको रुपमा हेर्नाले विधवालाई मानसिक रुपमै आघात पुऱ्याई शुभ कार्यहरुबाट टाढा राख्न खोजेको महशुस हुन्छ।

विधवा महिलाहरुको पुरुषसँग सम्बन्ध रहन गई गर्भवती भएको वा गर्भपतन गरेको कुरा अझ विचारणीय छ। हुनसक्छ हिन्दु स्मृतिकारहरु मध्य केहिले विधवाको पुर्नविवाहको लागि

सर्मथन गरेतापनि हाम्रो समाजको ठुलो संख्याले अझै पनि विधवाको पुर्नविवाहलाई सहन गर्न सकेको पाइदैन । अझ भन्ने हो भने तरुनी विधवाहरुमा यो स्थिति दर्दनाक रहेको पाउँछौ । कुनै विधवा महिलाले सामाजिक कार्यको लागि अगाडि रहन अशुभ ठानिन्छ । कुनदिन कसैसँग बिग्रने हो भन्ने सधै भय र शंकाको दृष्टिले ति समाजका मानिसहरुले नियाल्ने गर्दछन् । यस्ता विधवा युवतीहरु कसैसँग पोइला गई गर्भ रही बच्चा जन्मिएपनि हेलाकै दृष्टिबाट हेर्ने गरेको पाइन्छ । (पौडेल, २०५५)

“उत यत्पमो दश स्त्रिया : पूर्वे अब्राम्हण” ( अर्थवेद, ५-१७-७-८ ) । अर्थवेदमा कुनै स्त्रीले पहिले दश अब्राम्हण पनि ग्रहण गरी अन्तमा ब्राम्हणसँग विवाह गर्दछ भने त्यस स्त्रीको वास्तविक पति त्यहि ब्राम्हण हुन्छ भनी ब्राम्हणको प्रमुख र महत्व माथि प्रकाश पारिएको छ । अर्थर्ववेदमा विधवा विवाह निपिछ एंव वर्जित मानिएको छैन । ब्राम्हणहरुमा उनीहरुको जातिय सम्मानको दृष्टिले विधवा विवाह शताब्दीयौदेखि भएको नदेखिए पनि सो भन्दा तल्ला जातिमा यसको बाहुल्यता देखा परेको पाइन्छ । “ नष्टे मृत परव्रजते ल्कीबेबय पतिले पति । पञ्चस्वपत्सु नारीणा पति रन्यो विधियले ॥” नारद,, पराशर र अग्नि पुराणमा पति मरे ; सन्यासी भए, नपुस्क भए वा पतित भएमा अर्को पति ग्रहण गर्न सक्ने उल्लेख गरिएको छ । ( श्रेष्ठ, २०५५ )

लिच्छविकालमा महिलाहरुलाई पुर्नविवाह र विधवा विवाह गर्न समेत निश्चत नियमहरु बनाइएको कुरा संवत ५७ को मालि गाउँ अभिलेखमा विष्णु गुप्तले महिलाहरुलाई पुर्नविवाह र विधवा विवाह गर्न निश्चत नियमको व्यवस्था गरिएको कुरा उल्लेख गरिएको छ । जसमा लोग्ने मरेमा, हराएमा, जोगी भएमा वा अन्य कारणले पुर्नविवाह गर्न पाउने चलन भएको कुरा उल्लेख छ । त्यसबेला उच्च खानदान र राजपरिवारका महिलाहरुले लोग्नेको मृत्यु पश्चात सती जानु पर्दथ्यो तर सती जानै पर्ने बाध्यता थिएन । बरु सती जाने अथवा सतीब्रतमा रहने र मार्ग मध्ये एउटा रोज्न पाउने व्यवस्था थियो । यसले गर्दा मानदेवकी आमा राज्यवती भौम गुप्ताकी आमा आभिरी आदिले सति नगई सतिबर्तामा रहेको कुरा विभिन्न अभिलेखहरुले उल्लेख गरेका छन् । (अधिकारी र घिमिरे, २०५९)


नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ को धारा ११, समानताको हकमा सबै नागरिकहरु कानुनी दृष्टिमा समान रहने, कानुनको प्रयोगमा धर्म, वर्ण लिङ्ग, जात जातिको आधारमा कसैमाथि भेदभाव गरिने छैन भनी स्पष्ट व्यवस्था गरिएको पाइन्छ । कानुनमा

स्पष्ट व्याख्या गर्दा गर्दै पनि हाम्रो समाजले भने विधवाहरुलाई सम्मानजनक व्यवहार नगरी हेला गर्ने गरेको पाइन्छ ।

त्यसैगरी मुलुकी ऐन उघारौं संसोधन, २०५८ को ११२ नं. अनुसार यस महलको अन्य नम्बरहरुको अधिनमा रही अपुताली पर्दा मर्नेको लोग्ने स्वास्नी, छोरा, अविवाहित छोरी वा निजका अविवाहित छोरी भएसम्म अरुले अपुताली पाउदैन । त्यस्ता कृहीन भएमा निजका छोरा वा अभिवाहित छोरी पनि नभए त्यसतो अपुताली ऐन बमोजिमका हकहवालाहरुले पाउँदछन् ।

मुलुक ऐन “एघारौं संसोधन २०५८” ले विधवा महिलाहरुको चल अचल सम्पत्तिमा स्पष्ट्र रुपमा व्यवस्था गरी उनीहरुको कानुनी हकलाई सुरक्षित गरिदिएको पाइन्छ । जसले गर्दा विधवा बुहारीलाई पनि छोरा सरहनै अंश दिनुपर्ने हुँदा विस्तार विस्तार विधवा बुहारीहरुलाई हेर्ने सामाजिक दृष्टिकोणमा सकारात्मक परिवर्तन हुँदै जाने संकेत देख्न सकिन्छ ।

## २.४ अवधारणात्मक ढाँचा (**Conceptual Framework**)




खासगरी नेपालजस्ता विकासोन्मुख मुलुकहरुमा एकल महिलाको अवस्था निकै दयनीय रहेको पाइन्छ ।कुनै पनि समाजमा परिवर्तन ल्याउन पुरुषको र महिलाको समान भूमिका रहन्छ । त्यसैले समाजको विकासका लागि परम्परागत सोचाइलाई परिवर्तन गराउनुपर्दछ । हाम्रो समाजमा श्रीमानको मृत्यु भए पश्चात श्रीमतिलाई विभिन्न कुराहरुमा रोक लगाइन्छ र उनीहरुलाई श्रृङ्गारका सामाग्री लगाउन बन्देज गर्नुको साथै सुभ साइतमा उनिहरुलाई देखिन समेत नराम्रो मानिन्छ । तर हाल आएर एकल महिलाले श्रीमानको मृत्यु पश्चात पनि

श्रृङ्गारका सामाग्रीहरु लगाउने आफ्नो जीवन आफ्नै तरिकाबाट जीउने, समाजको विभिन्न सामाजिक सांस्कृतिक कार्यक्रमहरुका सहभागिता जनाइ आफ्ना धारणहरु व्यक्त गर्न थालेका छन् । अहिले एकल महिलाहरुले आफ्नो जीवन मा जुन परिवर्तन ल्याएका छन त्यसमा समाजका बुद्धीजीवि वर्गले पनि स्वीकार गरेका छन् । अहिले समाजले पनि विधवा हुनु कुनै पाप नभई यो सामान्य रुपमा जीवनमा चल्ने एउटा चक्रको रुपमा लिई एकल महिलालाई पनि सामाजिक, सांस्कृतिक कार्यक्रममा सरिक हुन कुनै बन्देज नगरेको अवस्था रहेको छ । त्यसैले कुनै पनि महिलाको श्रीमानको मृत्यु हुदैमा उसको समाजमा अस्तित्व नै नरहने भन्ने कुराको विरोध गर्दै एकल महिलाहरुले एकल महिला संघ जस्ता संघठनको निर्माण गरी समाजमा सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

# अध्याय : तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनोट

गण्डकी अञ्चल कास्की जिल्लामा अवस्थित लेखनाथ नगरपालिकामा जम्मा १८ वटा वडा रहेका छन् । जस मध्ये लेखनाथ नगरपालिकाको वडा नं ४ लाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । यस भन्दा पहिले एकल महिलाको बारेमा जति पनि अध्ययन अनुसन्धान भएका छन् । ती सबै अरु विषयवस्तु र क्षेत्रमा केन्द्रीत भएर गरिएको पाइन्छ । कुनै एउटा अध्ययनले समग्र क्षेत्रलाई समेट्न नसक्ने भएकोले र अनुसन्धानकर्ताले त्यहाँको रितीस्थित, चालचलन, व्यवहार, जाततातीे, संस्कार पद्धति, धर्म, सामाजिक अवस्था बारे केही हदसम्म जानकारी प्राप्त गर्न सक्ने भएकोले अध्ययनका लागि लेखनाथ नगरपालिका वडा नं. ४ लाई अध्ययन क्षेत्र छनौट गरिएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अनुसन्धान वर्णनात्मक र अन्वेणात्मक दुवै ढाँचामा राखिएको छ । एकल महिलाको बारेमा प्राप्त विभिन्न सूचनाहरुको वर्णन गरी निष्कर्ष निकालिने भएकोले अध्ययन ढाँचा वर्णनात्मक हुनेछ भने अध्ययनको क्रममा विभिन्न नयाँ तथ्यहरु पत्ता लगाइने भएकाले अध्ययन अन्वेषणात्मक ढाँचा प्रयोग गरिएको छ ।

## ३.३ जनसङ्ख्या र नमुना

यो अध्ययन लेखनाथ नगरपालिका ४ मा बसोबास गर्ने एकल महिलाहरुमा मात्र सिमित भएकाले यसको समग्रता पनि सम्वन्धित क्षेत्रकै तथ्याङ्कमा सिमित रहने छ । यस क्षेत्रमा जम्मा घरधुरी सङ्ख्या ५३८ रहेका छन् । जसमा कुल जनसङ्ख्या ३१७० मध्ये पुरुषको सङ्ख्या १५३२ र महिलाको सङ्ख्या १६३८ रहेको छ । त्यसमा पनि एकल महिलाको संख्या १४४ छजसमा २०-७० वर्ष सम्मका एकल महिलाहरुलाई यसमा समेटिएको छ । यस अध्ययनमा ७० वर्ष माथिका एकल महिलाहरुको सामाजिक रुपान्तरणमा कुनै भूमिका नदेखिने हुँनाले २०-७० वर्षसम्मका एकल महिलाहरुलाई मात्र यस अध्ययनमा समेटिएको छ । जहाँ २०-७० वर्षका एकल महिलाहरु ८३ जना रहेका छन् । यस

अनुसन्धानमा उद्देश्यमूलक नमुना छनोट विधीद्वारा उत्तरदाता छनौट गरिएकोछ । र तिनै ८३ जना महिलाहरुनै यस अध्ययनका उत्तरदाता हनु ।

## ३.४ तथ्याङ्कको स्रोतहरु

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै खालका स्रोतहरुबाट तथ्याङ्क तथा सुचनाहरु संकलन गरिएको छ । प्राथमिक स्रोत अर्न्तगत स्थलगत अध्ययन गरी अर्न्तवार्ता अनुसुची गरी अर्न्तवार्ताको माध्यमबाट सत्यतथ्य कुरालाई लिइएको छ भने द्वितीय स्रोत अर्न्तगत विभिन्न पत्रपत्रिका, पुस्तक लेख रचना आदिबाट लिइएको छ ।

## ३.५ तथ्याङ्कको प्रकृति

यस अध्ययनमा सङ्ख्यात्मक तथा गुणात्मक दुवै पक्षलाई प्राथमिकता दिइने छ । सङ्ख्यात्मक पक्ष अर्न्तगत परिवारमा सदस्य सङ्ख्या, उमेरको आधारमा वर्गीकरण शैक्षिकस्थिति आदि पक्षलाई समेटिने छ भने गुणात्मक पक्ष अर्न्तगत समाजमा महिलाको स्थान भूमिका, जीवनस्तर आदि पक्षलाई समेटिएको छ ।

## ३.६ तथ्याङ्क संकलनका विधिहरु

तथ्याङ्क संकलन गर्न निर्धारित अध्ययनको क्षेत्रमा गई अवलोकन अर्न्तवार्ता अनुसुची र अर्न्तवार्ताको आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

**(क) अवलोकन विधि :**

अनसन्धानमा अवलोकन विधिलाई मुख्य विधिका रुपमा लिन सकिन्छ । उत्तरदाताहरुलाई अन्तर्वार्ता लिने क्रममा पनि यो विधि प्रयोग गरिएको छ । अध्ययन क्षेत्रका एकल महिलाहरुको लवाई, खवाई, शारिरिक अवस्था, कामको प्रकृति आदि पक्षको सूचना अवलोकन गरी उनीहरुलाई समाजले हेर्ने दृष्टिकोणको समेत अवलोकनगरिएको छ । यस विधिबाट तथ्याङ्क संकलन गर्दा सहभागिता अवलोकन भन्दा असभागिता अवलोकन विधि बढी प्रयोग गरिएको छ ।

**ख) अर्न्तवार्ता अनुसुचि :**

अर्न्तवार्ता विधि अनुसन्धानको एक विधि हो । अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क र संरचित प्रश्नहरुको आधारमा अध्ययन क्षेत्रका एकल महिलाको शैक्षिक सथिती, विधवा हुदाको उमेर, उनिहरुको श्रीमानको मृत्युको कारण, परिवारको किसिम, आयस्रोत, समाजप्रतिको दृष्टिकोण, पुर्नविवाह प्रतिको धारणा आदि जस्ता तथ्याङ्कलाई अर्न्तवार्ता विधिबाट लिइएको छ । व्यक्तिगत रुपमा नजिक भई उनिहरुको मनोभावना बुझि यथार्थको पहिचान गर्न यस विधिको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

(ग) **वैयक्तिक अध्ययन** : यस अनुसन्धानमा स्थलगत अध्ययन अवलोकनले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । अध्ययनको क्रममा सम्पूर्ण तथ्यहरु प्रश्नले वा अर्न्तवार्ताबाट प्रयाप्त नहुने हुँदा सम्बन्धित क्षेत्रको स्थलगत अध्ययन, अवलोकन वा वैयक्तिक अध्ययनले तथ्याङ्कलाई प्रष्ट्याउन मद्दत गरेको छ । यस अध्ययनमा यस क्षेत्रका समाजसेवी र यसै क्षेत्रमा अवस्थित विद्यालयका प्र.अ. सँग लिइएको अर्न्तवार्तालाई तल प्रस्तुत गरिएको छ ।

**वैयक्तिक अध्ययन-१**

कास्की जिल्ला लेखनाथ ४ मा अवस्थित श्री अमरज्योती गाउँ खर्क माध्यमिक विद्यालयका प्र.अ. श्री होमनाथ लामिछाने ज्युसँगको भनाईलाई यहाँ प्रस्तुत गरिएको छ । उहाँले हाम्रो समाजमा विधवा भनेपछि अलिकता सकारात्मक धारणा लिएको पाइदैन् । विधवा भएपछि के नै गर्न सक्छे र विचरा ! भन्ने जस्ता भावनाहरु अगाडि ल्याइएको पाइन्छ । उहाँ भन्नुहुन्छ विधवा महिला भनेका पनि अरु महिला जस्तै हुन् भन्ने सोचेर उनीहरुप्रति सकारात्मक भावना राखेमा परिवर्तन आउन सक्छ । तर उहाँले २०-३० वर्ष अगाडीको समय भन्दा अहिले परिवर्तन त आएको छ, तर यसमा अझै धेरै परिवर्नन आउन बाँकी नै छ भन्नुहुन्छ । यसै गरी हाम्रो समाजमा विधवाहरुले सम्मानजनक अवसर प्राप्त गर्नको लागि के गर्नु पर्दछ भनी गरिएको प्रश्नको जवाफमा उहाँ भन्नुहुन्छ, सरकारले दिदै आएको भत्तामा वृद्धि गर्ने, स-साना ऋणहरु विना धितो दिनुपर्ने र उनीहरुका छोराछोरीलाई निशुल्क शिक्षा दिने र विभिन्न रोजगारीका अवसर, निशुल्क उपचारको व्यवस्था सरकारले उपलब्ध गराउन सके उपयुक्त हुन्छ भन्ने धारणा व्यक्त गर्नुभयो ।

**वैयक्तिक अध्ययन-२**

कास्की जिल्लाको लेखनाथ नगरपालिका ४ मा बस्ने ८७ वर्षका बुवा मुक्तिलाल बराल यस ठाउँका पुराना व्यक्तित्व हुनुहुन्छ । उहाँ एक समाजसेवी र उदार जीवन बिताउने व्यक्त्वि पनि रहनुभएको पाइन्छ । उहाँलाई समाजमा एक महिलालाई समाजले कुन दृष्टिबाट हेर्दछ ? र उनीहरुको समाजमा रहेको भुमिकाको बारेमा जिज्ञासा राखी प्रश्न गर्दा उहाँ भन्नुहुन्छ : समाजमा पहिले र अहिले निकै परिवर्तन देखिन्छ जुन समाजमा पहिले एकल महिलालाई घरबाट बाहिर निस्कदा साइतमा देखिदा अलक्षिनी जस्ता लाल्छना लगाइन्थ्यो उनीहरुलाई घर बाहिर निस्कन रहन सहन वस्त्र पहिरन, श्रृङ्गार जस्ता विभिन्न कुराहरुमा बन्देज गरिन्थ्यो तर अहिले समाजमा एकल महिलाहरु जस्तोसुकै वस्त्र लगाउने श्रृङ्गारका सामान लगाउने सामाजिक क्रियाकलापमा संलग्न हुने गर्दछन् । उहाँले समय परिवर्तनशिल छ, सधै एउटै समय रहदैन् जहिले जुन समय आउँछ त्यो समय अनुसार आफुहरुपनि अगाडि बढ्नु पर्दछ भन्नुभयो ।

## ३.७ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

अनुसन्धानको क्रममा आएका विभिन्न तथ्याङ्कहरुलाई आवश्यकता अनुसार सङ्ख्यात्मक तथा व्याख्यात्मक रुपमा प्रस्तुत गरिने छ । सामान्यतया सङ्ख्यात्मक प्रस्तुत गरिने तथ्याङ्कलाई साधारण तालिकामा सङ्ख्या र प्रतिशतको रुपमा व्याख्या गरिने छ भने अन्य तथ्याङ्कलाई व्याख्यात्मक रुपमा विश्लेषण गरी प्रस्तुत गरिने छ ।

# अध्यायः चार

## अध्ययन क्षेत्रको सामान्य परिचय

### ४.१ भौगालिक स्थिति

अध्ययन अनुसन्धान क्रममा स्थान चयन एउटा महत्वपूर्ण कार्यहो । अनुसन्धानकर्ताले आफुले चयन गरेको विषयबस्तुसँग सम्बन्ध राख्ने उचित स्थान चयन गर्नु पर्छ । आफ्नो अध्ययनको विषय र उपयुक्त भौगोलिक क्षेत्रको तामेल मिलाए अध्ययन अनुसन्धानलाई अगाडि बढाउदै लैजान सके मात्र अध्ययन अनुसन्धान सहज र सरल रुपमा गर्न सकिन्छ । सहज र सरल ढंगले अगाडि बढाउन सके मात्र सफल र परिणाम मुखी बन्न सकिन्छ ।

लेखनाथ नगरपालिकाको वडा नं ४ र ५ र कालिका गा.वि.स.को बीचमा वडा नं ४ रहेको छ । यस वडा नं ४ को पूर्व तर्फ कालिका गा.वि.स. को वडा नं ३ र पश्चिम तर्फ लेखनाथ नगरपालिकाको वडा नं ५ को कालिका चौक नजिक पृथ्वी राजमार्ग देखि चापाको चउर हुदै जलधारे डाँडासम्म र दक्षिण तर्फ लेखनाथ ६ खरानेफाँट र लेखनाथ ३ अर्घौ बुढीवजार र उत्तर तर्फ कालिका गा.वि.स को वडा नं ४ काफलघारी भन्ने स्थान रहेका छन् । यस वडाको भुधरातल उत्तरतर्फ अग्लो डाँडा र दक्षिण तर्फ समथर भाग हुदै गएको छ । अध्ययन क्षेत्रको वस्ती हेर्दा छरिएर रहेको र केही भाग जंगलले ढाकेको छ । यस वडाको वासस्थान क्षेत्रलाई नरेशपुर राखी डाँडा, थुमाको डाँडा पुर्न गाउँ, गैराथर, डाँडाघर, जैशीथर, ढुंगानाथर बराल डाँडा, देउपूजा, पैते, मदतपाटन, घारीको डाँडा, चापाको चउर भनि नामाकरण गरिएको छ ।

यस वडाको सबैभन्दा उँचो भाग समुन्द्र सतहदेखि १२१० र तल्लो भाथ ४९० मिटरमा छ । तापक्रम : २५५० सेलिसियु - अधिकतक) १३.० सेलिसियस(न्यूनतम) २१.६० सेल्सियस (औसत) र वर्ष ३७०० मिलिलिटर हावापानि समशितोष्ण छ । लेखनाथ नगरपालिकालाई सात तालको बगैचाको शहर नामाकरण कायम रहेको र यसै सर्न्दभमा ४ नं वडा भित्र तीन वटा ताल खास्टे, निउरीनी र गुदेँ ताल पर्दछन् । यी तालको पानीबाट सिंचाई गरी कृषि उत्पादनलाई टेवा पुगेको र पर्यटकीय दृष्टिकोणबाट पनि महत्वपूर्ण रहेको छ । यस वडामा टाइगरटप होटेल रहेको र स्वदेशी तथा विदेशीहरुको आगमन भई स्वदेशी तथा

विदेशी मुद्रा आर्जनक साथै वडाका वासिन्दालाई समेत केही रोजगारीको व्यवस्था समेत भएको छ । यस वडाको टप्पु भागबाट अन्नपूर्ण र धौवलागिरि हिमश्रृखलाको अवलोकन गर्न पनि सकिन्छ ।

## ४.२ धार्मिक एवम् साँस्कृतिक पक्ष

यस वडाका अधिकांश जातजातिहरु हिन्दु र बौद्ध धर्म मान्ने गर्दछन् । केही मानिसहरु क्रिश्चियन धर्ममा लागेको सुनिन्छ । यस वडामा बस्ने अधिकांश वासिन्दाहरुका ब्रामणको बाहुल्यता रहेको छ । यिनीहरुको अलवा अन्य जातीहरुमा रानाभाट, विश्वकर्मा, गुरुङ्ग, मगर, भुजेल,परियार, आदि रहेका छन् । यिनीहरुको रितीरिवाज आफ्नै किसिमको रहेको छ । सम्पूर्ण जातजातीहरुको वीचमा सुमधुर एवम् आत्मीय सम्बन्ध यहाँको धर्म र साँस्कृतिकको चिनारी हो । यहाँका मुख्य चाडपर्वहरुमा कृष्णअष्ठमी, जनै पूर्णिमा, तिज, दशैं, तिहार, माघे सक्रान्ति, रामनवमी, शिवारात्री र चैतेदशैं आदी रहेका छन् ।

## ४.३ आर्थिक अवस्था र पेशा

यस वडाका मानिसहरुको मुख्य पेशा कृषि नै हो भने व्यापार व्यवसाय सरकारी पेशा वैदेशिक रोजगारीमा पनि लागेका छन् । यहाँको प्रमुख खाद्यान्न वालीमा धान, मकै, गहुँ, र कोदो रहेका छन् । तरकारी खेतीमा आलु, काउली, बन्दा मुला, सागपात, काक्रा, धिरौला, फर्सी  सिमी, वोडी आदि रहेका छन् । फलफुल खेतीमा सुन्तला, अम्बा, निवुवा, ज्यामिर,कटहर, आदि रहेका छन् । यस वडामा बस्ने कृषकहरुले पशुपालन तर्फ गाई, भैसी, बाखा र भेडापालन गर्दछन् । पशुहरुको लागि आवश्यक पर्ने डाले घाँसमा पाखुरी , काउरो, वडहर, कुटमिरो, ठोट्ने , वेडुलो आदि हुन् । केही किसानहरुले मैरी पालन व्यवसाय संचालन गरेका छन् । यस वडामा पाइने काठहरुमा चिलाउने, कटुस, उत्तिस, बकाइनो चाप आदि छन् । सरकारी र गैह्र सरकारी क्षेत्रमा माथिले तहमा पुग्ने कर्मचारी कम भएको र यस वडाका शैक्षिक योग्यता हासिल गरेका व्यक्तिहरु अधिकांस शिक्षकको रुपमा काम गरिरहेका छन् । विदेशमा गई रोजगारीका लागि केही युवाहरु भारत लगायत अन्य अरवियन मुलकमा गएको देखिन्छ । समग्र रुपमा हेर्दा यस वडा बासीहरुको आर्थिक अवस्था राम्रो छ ।

## ४.४ शैक्षिक अवस्था

यस वडाको शिक्षाको विकास संस्थागत रुपमा वि.स.२०१७ सालमा प्रारम्भ भएको पाइन्छ । अमरज्योति प्रा.वि.शिक्षण संस्था स्थापनाको लागि सुर्यमोहन भट्टराई, नारयणदत्त ढुंगाना , चक्रमणी बराल, जगतमोहन भट्टराई, भिमलाल बरालको सक्रियतामा शैक्षिक जागरण उन्मुख भएको देखिन्छ । हाल यस वडामा अमरज्योति प्रा.वि.१ अमरज्योति गाउफर्क मा.वि.१ अरण्य ज्योति नि.मा.वि.१ गरी तीन वटा सामुदायिक विद्यालय रहेका छन् भने निजी स्तरको अल्फा बोडिङ स्कूल एक संचालन भएको छ । यस वडामा मेडिकल डाक्टर, इन्जिनियर र अन्य प्राविधिकहिक्षा अध्ययन गर्नेको संख्या कम रहेको व्यवस्थापन, मानविकी तथा सामाजिक शास्त्र अध्ययन संकाय अर्न्तगतका विषय अध्ययन गर्नेको संख्या बढी देखिन्छ । यस वडामा पुरुष तर्फ ९२ प्रतिशत र महिला तर्फ ७७ प्रतिशत साक्षर रहेको लेखनाथ नगरपालिकाको रेकर्डबाट देखिन्छ ।

## ४.५ विद्युत तथा खानेपानीको अवस्था

फिनल्याण्ड सरकारको सहयोगमा यस वडाको सम्पूर्ण क्षेत्रमा विद्युतीकरण भएको छ । सो विद्युतबाट बत्ती वाल्न, रेडियो तथा टेलिभिजन हेर्न खाना पकाउनको लागि समेत प्रयोग भएको देखिन्छ । हाल १३२ के.भी. लाइनबाट उक्त वडामा विद्युत सेवा उपलब्ध हुने गरेको छ । यस वडाको पहाडी भेगमा स्थानिय प्राकृतिक स्रोतका पुराना धारा कुवाबाट खानेपानी उपयोग भएको छ भने यसको अवला थाक खानेपानी योजना कटुजे खानेपानी योजनाबाट प्रत्येक ८-१० घर परिवारलाई १ -१ धारा वितरण भएको पाइन्छ ।समथर भागमा लेखनाथ शहरी खानेपानी आयोजनाबाट प्रत्येक घरमा १ -१ धारा उललब्ध भएको देखिन्छ ।

## ४.६ स्वास्थ्य अवस्था

यस वडामा एक स्वास्थ्य चौकी रहेको छ । यस वडाका अधिकांश बासिन्दाहरुलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएका र प्राथमिक उपचारका औषधीहरु निशुल्क रुपमा वितरण हुने गरेको छ । आर्थिक विपन्नता भएका वर्गलाई ज्यादै राहत भएको महसुस गरिएको छ । यसका अतिरिक्त जडीवुटी झारफुक पनि उपचारको प्रचलन रहेको पाइन्छ ।

## ४.७ शान्ति सुरक्षाको अवस्था

यस वडाको शान्ती सुरक्षा विगत लामो समय देखि डाँडाको नाम प्रहरी चौकीले प्रदान गर्दै आएको छ । यसै वडालाई केन्द्रित गरेर कालिका चौकमा अस्थायी प्रहरी पोष्ट स्थापना पोष्ट स्थापना गरेको पाइन्छ । कहिले काहीँ प्रहरीको मोवाइल टोली पनि वडामा छड्के जाँचको रुममा पुग्ने गरेको पाइयो । समाजमा देखिने विकृति, विसंगती अन्याय अत्याचारलाई कम गर्ने यस क्षेत्रको प्रमुख आधार नै रहेको देखियो ।

## ४.८ यातायात र सडक सुविधा

यस वडाको दक्षिणी मागमा पर्ने पृथ्वी राजमार्गसँग जोडिएका पक्की दुईवटा बाटाहरु कालिका चौक र बुढीवजारबाट कालिका गा.वि.स.हुदै कास्की जिल्लाको पहाडी सिमाना सम्म पुगेको छ विचमा अन्य सहायक बाटाहरु पनि छन् । त्यस ठाउँमा सार्वजनिक बस, प्राईभेट सवारी साधनहरुबाट पनि यातायातको सुविधा लिइन्छ । (स्रोत : लेखनाथ नगरपालिकाको परिचय, २०७२)

# अध्याय : पाँच

## उत्तरदाताको सामाजिक रुपान्तरणमा संलग्नता

### सामाजिक अवस्था

मानिस सामाजिक प्राणी हो । उसले समाजमा रहेर सामाजिक दायित्व पूरा गर्नुपर्दछ । समाजका महिला पुरुष भनेका एक रथका दुई पाङग्रा हुन् । त्यति हुदाहुदै पनि महिला र पुरुषको स्थान समाजमा समान छैन । महिला महिलामा पनि विभिन्न कारणले विभेद हुने गरेको पाइन्छ । यस शोधमा विभिन्न महिलाको समाजिक रुपान्तरण संलग्नता तथा भूमिकालाई आधार बनाएर उनीहरुको समाजिक अवस्थाबारे अध्ययन गर्ने जमर्को गरिएको पाइन्छ । सामाजिक अवस्था अर्न्तगत महिलाको उमेर, शिक्षा, विवाह, हुदाँको उमेर विधवा हुदाँको उमेर, श्रीमानको उमेर, मृत्युको कारण, छोराछोरीको शैक्षिक स्तर, परिवारमा निर्णायक भूमिका घरमुली, विधवा प्रति समाजको दृष्टिकोण, सामाजिक अवस्थाहरुले पनि विधवा महिलाको अवस्थामा महत्वपूर्ण भूमिका खेल्ने गर्दछन् । यिनैलाई आधार बनाएर यहाँ अध्ययन गरिएको छ ।

### ५.१ उमेर समुह

उमेर पनि विधवा महिलाहरुको सामाजिक भूमिकालाई निर्धारण गर्ने महत्वपूर्ण तत्व हो । यस शोध पत्रमा महिलाहरुको उमेरलाई पनि अध्ययनमा समावेश गरिएको छ । यस अध्ययनमा समावेश गरिएका विधवा महिला उत्तरदाताको उमेरलाई तालिका नं ५.१मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१**

**उमेर समूहको आधारमा उत्तररदाताको विवरण**

| उमेर समुह वर्षमा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | ३ | ३.६१ |
| ३१-४० | ८ | ९.६१ |
| ४१-५० | १० | १२.०४ |
| ५१-६० | २३ | २७.८१ |
| ६१-७० | ३९ | ४६.९८ |
| जम्मा | ८३ | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार कूल ८३ जना उत्तरदाता मध्ये २० देखि ३० वर्ष भित्र विधवा हुनेको सङ्ख्या ३ जना, ३.६१ प्रतिशत, ३१ देखि ४० वर्ष भित्र विधवा हुनेको सङ्ख्या ८ जना, ९.६१ प्रतिशत, ४१ देखि ५० वर्ष भित्र विधवा हुनेको सङ्ख्या १० जना १२.०४ प्रतिशत रहेको पाइयो जसमा ३ जना युवा अवस्थामा रहेको पाइयो भने १८ जना प्रौढ अवस्थामा रहेको र बाँकी सवै बृद्ध अवस्थामा रहेको पाइयो । वृद्ध अवस्थामा रहेकाविधवा महिलाहरु भने घर परिवारमा जिम्मेवारीपूर्ण कामहरुमा व्यस्त रहेको पाइयो ।युवा अवस्था र पौढ अवस्थामा विधवा भएका महिलाहरु समाजमा सञ्चालन गरिने सामाजिक कामहरुमा पनि सक्रिय रहेको पाइयो भने बृद्ध अवस्थामा रहेका महिलाहरु बुढ्यौली र असक्तताका कारणले पारिवारिक जिम्मेवारीमा त्यति सक्रिय नभएको पाइयो ।

## ५.२ बिधवा हुदाँको उमेर

जीवनलाई सफल बनाउनका लागि ň बनाएको साथीलाई जीवनसाथी भनिन्छ । जसमा श्रीमानको मृत्यु भएका महिलालाई विधवा महिला भनिन्छ । समाजमा महिलाहरु एउटै अथवा निश्चित समयमा एकल हुदैनन् । कहिलेकाही कसैको उमेर मिल्न पनि सक्छ । प्रस्तुत अध्ययन पनि उत्तरदाताहरुको विधवा हुदाँको उमेरलाई आधार बनाएर अध्ययन गर्ने प्रयास गरिएको छ । जसलाई तालिका नं ५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.२**

**उत्तरदाता विधवा हुदाँको उमेर**

| उमेर समुह वर्षमा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | ३ | ३.६१ |
| ३१-४० | ८ | ९.६३ |
| ४१-५० | १७ | २०.४८ |
| ५१-६० | ३१ | ३७.३४ |
| ६१-७० | २४ | २८.९१ |
| जम्मा | ८३ | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार कूल ८३ जना उत्तरदाता मध्ये २० देखि ३० वर्षमा विधवा हुनेको सङ्ख्या ३ जना, ३.६१ प्रतिशत, ३१ देखि ४० वर्ष भित्र विधवा हुनेको सङ्ख्या ८ जना, ९.६३ प्रतिशत , ४१ देखि ५० वर्ष भित्र विधवा हुनेको सङ्ख्या १७ जना ३७.३४ प्रतिशत र

६१ वर्ष देखि ७० वर्षसम्ममा विधवा हुने २४ जना २८.९१ प्रतिशत रहेको पाइयो । सबै भन्दा बढी ५१ देखि ६० वर्षको उमेरमा ३७.३४ प्रतिशत महिलाहरु विधवा भएको पाइयो ।

## ५.३ बिधवा हुदाँ श्रीमानको उमेर

यस अध्ययनमा उत्तरदाता विधवा हुदाँ श्रमिानको उमेरलाई पनि महत्वपूर्ण पक्षका रुपमा लिई अध्ययनमा समावेश गरिएको छ । जसलाई तालिका नं ५.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.३**

**उत्तरदाता विधवा हुदाँ श्रीमानको उमेर**

| उमेर समुह (वर्षमा) | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २०-३० | ३ | ३.६१ |
| ३१-४० | ९ | १०.८४ |
| ४१-५० | १६ | १९.२७ |
| ५१-६० | ३१ | ३७.३४ |
| ६१-७० | २४ | २८.९१ |
| जम्मा | ८३ | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार कूल ८३ जना उत्तरदाता मध्ये २० देखि ३० वर्षमा विधवा हुनेको सङ्ख्या ३ जना, ३.६१ प्रतिशत, ३१ देखि ४० वर्ष भित्र विधवा हुनेको सङ्ख्या ९ जना, १०.८४ प्रतिशत , ४१ देखि ५० वर्ष भित्र विधवा हुनेको सङ्ख्या १६ जना १९.२७ प्रतिशत र ५१ वर्ष देखि ६० वर्ष सम्ममा विधवा हुने ३१ ३७.३४ प्रतिशत, ६१ वर्ष देखि ७० वर्ष सम्म विधवा हुने २८.९१ प्रतिशत रहेको पाइयो । सबै भन्दा बढी ५१ देखि ६० वर्षको उमेरमा मृत्यु भएको पाइयो ।

**वैयक्तिक अध्ययन- ३**

कास्की जिल्लाको लेखनाथ नगरपालिका ४ मा २०२२ सालमा जन्मेकी म गायत्री ढुङ्गाना सानै उमेरमा बराल डाँडामा बस्ने जीवन ढुङ्गानासँग विवाह भएको हो । हामीहरु मध्यम स्तरीय परिवारमा आफ्नो गुजारा चलाएका थियौं । मेरो परिवारमा दुई छोरा दुई छोरी रहेका छन् । मेराश्रीमान गाउँमै खेती किसानको काम गर्नुहुन्थ्यो । हामीहरुको जीवन हासी खुसी नै वितिरहेको थियो तर वि.सं. २०५० सालमा मेरोश्रीमानको मृत्यु भयो त्यसपछि मेरो जीवनमा ठुलो बज्रपात पऱ्यो । श्रीमानको मृत्यु पश्चा घर व्यवहार धान्न छोरा छोरी पढाउन धौ धौ परेको थियो । यस्तैगरी सेतो पहिरनमा बस्दाखेरी घर परिवार वा समाजबाट पहिले तिरस्कृत हुनुपरेकोले झन बढी पीडा थपिएको थियो । आफुले खासै लेख पढ नगरेको हुनाले खेतीपाती, गाईवस्तु र बाखा पाली आफु र आफ्ना परिवारका सदस्यको जीवन निर्वाह गरेकी थिए । मैले पछि आएर विभिन्न संघ संस्था सहकारीमा लागि पशुपालन सम्बन्धि जानकारी लिए। अहिले उहाँ आफुले घर व्यवहार गर्दै जाँदाविभिन्न अनुभवहरु लिई आफुपनि मैले केही गर्न सक्छु समाजमा आफ्ना कुराहरुलाई अगाडि राख्न सक्छु भन्ने आत्मविश्वास बढेको छ ।मैले अन्त्यमा के भन्छु भने एकल महिलालाई हेलाको दृष्टिले नहेरीकन अरु महिलाहरुलाई जस्तै समान व्यवहार गर्नुपर्दछ ।

## ५.४ बिवाह गर्दाको उमेर

विवाह जीवनको एउटा कार्य हो । जुनसुकै व्यक्तिको समस्या र जीवनमा पनि यसको खास महत्व रहेको हुन्छ । विवाह एउटा पवित्र बन्धन हो । विवाह पश्चात नै कानून वा समाजले कुनै पनि महिला र पुरुषलाई सगैं बस्ने अनुमती दिएको हुन्छ । तर हालै विवाह अगाडि नै महिला र पुरुष सगैं बसेको देख्न र सुन्न पाइन्छ । यसको साथै नयाँ पुस्ताको जन्मको लागि पनि विवाह आवश्यक रहेको छ । नेपालको कानूनमा १८ वर्ष नपुगी विवाह गर्न नपाइने भनिएता पनि यो प्रक्रिया लागू भएको पाइदैन त्यसैले महिलाहरुलले सामाजिक भूमिकालाई उनीहरुको विवाह गर्दाको उमेरले निर्धारण गरेको हुन्छ । अझ विधवा महिलाहरुको हैसियतलाई त झनै उमेरले महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । जसलाई तालिका नं ५.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.४**

**विधवा हुदाँको उमेरको आधारमा उत्तरदाताको विवरण**

| उमेर समुह (वर्षमा) | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ११-२० | ४३ | ५१.०८ |
| २१-३० | ३४ | ४०.९६ |
| ३१-४० | ६ | ७.२२ |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार कूल ८३ जना विधवा महिलाको विवाह हुदाँको उमेरलाई आधार मानेर अध्ययन गर्दा ११ वर्ष देखि २० वर्ष भन्दा कम उमेरमा विवाह हुने ४३ जना, ५१.०८ प्रतिशत, २१ देखि ३० वर्ष भन्दा कम उमेरमा विवाह हुनेको सङ्ख्या सबै भन्दा कम ६ जना, ७.२२ प्रतिशत रहेको पाइयो ।

## ५.५ बिवाह गर्दाश्रीमानको उमेर

यसमा उत्तरदाताको विवाह हुदाँको श्रीमानको उमेरलाई महत्वपूर्ण परिवर्त्यका रुपमा लिइएको छ किनभने हाम्रो जस्तो पितृसत्तात्मक समाजमा विधवा महिलाको सामाजिक हैसियतलाई उनको श्रीमानको उमेरले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसलाई तालिका नं ५.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.५**

**श्रीमानको विवाह हुदाँको उमेरको आधारमा उत्तरदाताको विवरण**

| उमेर समुह (वर्षमा) | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १० वर्ष भन्दा कम | - | - |
| ११-२० | ४७ | ५६.६२ |
| २१-३० | २८ | २३.७३ |
| ३१-४० | ८ | ९.६३ |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

यस अध्ययनमा समेटिएका विधवा महिलाहरुका विवाह हुदाँका बखत श्रीमानको उमेरलाई समेत आधार बनाएर अध्ययन गरिएको छ । यसमा समेटिएका कूल ८३ जना विधवा महिलाहरु मध्ये विवाह हुदाँ ११ वर्ष देखि २० वर्ष उमेरका श्रीमानको उमेरको सङ्ख्या ४७

जना, ५६.२२ प्रतिशत, २१ देखि ३० वर्ष उमेरको सङ्ख्या २८ जना ३३.७३ र ३१ देखि ४० वर्ष भन्दा कम उमेरको सङ्ख्या सबै भन्दा कम ८ जना, ९.६३ प्रतिशत, रहेको पाइयो । यसबाट के बुझिन्छ भने उमेर पुगेर विवाह गर्नेको सङ्ख्या अति न्यून देखियो भने बाह्य अवस्थामा विवाह हुनेको सङ्ख्या बढी नै पाइयो ।

## ५.६ श्रीमानको मृत्युको कारण

कुनै पनि समाजमा महिला र पुरुष एक सिक्काका दुई पाटा हुन् । पुरुष महिलाको सयुक्त यात्रा नै पूर्ण जीवनको रुपमा लिने गरिन्छ । नेपाली समाजमा श्रीमानको मृत्यु पछि महिलालाई विधवाको संज्ञा दिई निकै कष्टकर जीवन विताउन बाध्य हुन्छन् । श्रीमान नहुदाँ महिलाहरुको सामाजिक, आर्थिक, स्थिति निकै दयनिय र कमजोर बनाउदछन् । त्यसैले यस अध्ययनमा उत्तरदाताको श्रीमानको मृत्युका कारणलाई परिवर्त्यको रुपलाई अध्ययन अनसन्धान गरिएको छ । जसलाई तालिका नं ५.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.६**

**श्रीमानको मृत्युको कारण उत्तरदाताको विवरणको आधारमा**

| श्रीमानको मृत्युको कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| करेन्ट लागेर | २ | २.४० |
| बस दुर्घटना | ७ | ८.४३ |
| रुखबाट खसेर | १ | १.२० |
| आत्महत्या गरेर | ३ | ३.६१ |
| रोग लागेर | ३६ | ४३.३७ |
| उमेर पुगेर | ३४ | ४०.९६ |
| जम्मा | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार यस अध्ययनमा संलग्न ८३ जना उत्तरदाताहरुको श्रीमानको विभिन्न कारणबाट मृत्यु भएको पाइयो । जसमध्ये करेन्ट लागेर २ जना बस दुर्घटना परि ७ जना रुखबाट खसेर १ जना, आत्महत्या गरेर ३ जना, रोग लागेर ३६ जना र उमेर पुगेर ३४ जना मृत्यु भएको पाइयो । यसमा उत्तरदाताले दिएको कारणलाई आधार बनाएर अध्ययन गरिएको छ ।

## ५.७ उत्तरदाताको शैक्षिक स्थिति

शिक्षा सफल जीवनको एक महत्वपूर्ण आधार हो । राज्य स्तरमा पनि शिक्षाको लागि विभिन्न कदम चालिएको पाइन्छ । राष्ट्रिय योजनामा पनि शिक्षा पहिलो प्राथमिकता पाइन्छ । पछिल्ला दिनहरुमा शिक्षाले निकै फड्को मारेको देखिन्छ । यस अध्ययनमा शिक्षालाई पनि आधार मानेर अध्ययन गर्ने जमर्को गरिएको छ । यहाँ पढ्न लेख्न कत्ति पनि नजान्नेलाई निरक्षर, सामान्य पढ्नलेख्न जान्नेलाई साक्षर, प्रवेशिका परीक्षा पास गरेकालाई शिक्षित र उच्च शिक्षा आर्जन गरेकालाई उच्च शिक्षा गरी चार आधार बनाएर यसमा समावेश गरिएका उत्तरदाताको शैक्षिक, स्थितिको अध्ययन गरिएको छ । शिक्षाले महिलाको सामाजिक, आर्थिक, सास्कृतिक पक्षमा महत्वपूर्ण प्रभाव पार्ने गर्दछ । उत्तरदाताको शैक्षिक स्थितिलाई तालिका नं ५.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.७**


**शैक्षिक स्तरको आधारमा उत्तरदाताको विवरणको आधारमा**

| **शैक्षिक स्तर** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| निरक्षर | ३९ | ४६.९८ |
| साक्षर | २२ | २६.५० |
| शिक्षित | १५ | १८.०७ |
| उच्च शिक्षा | ७ | ८.४३ |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार यस अध्ययनमा संलग्न ८३ जना उत्तरदाता मध्ये ३९ जना निरक्षर, २२ जना साक्षर, १५ जना शिक्षित र ७ जना उच्च शिक्षा आर्जन गरेको पाइयो । उच्च शिक्षा आर्जन गर्ने विधवा मध्ये ४ जनाले स्नातकोत्तर सम्मको शिक्षा पूरा गरिसकेको पाइयो । यसबाट के कुरा प्रष्ट हुन्छ भने यस समाजमा शिक्षाको स्थितिलाई हेर्दा निरक्षरको सङ्ख्या नै अधिक पाइयो । यस समाजमा छोरीलाई अर्काको घरमा जाने त होनी भनेर पढ्न लेख्नबाट वन्चित गरी कम उमेरमा नै विवाह गरिदिने र विवाह गरेपछि बुहारीलाई नपढाउने परिपाटिले गर्दा शिक्षाले सफलता पाउन सकेको छैन । जसलाई तल वृत्त चित्रमा देखाईको छ ।

**चित्र नं. ५.१**




## ५.८ परिवारको किसिम

हाम्रो नेपाली समाजमा विशेष गरी परिवार एकात्मक र सयुक्त गरी दुई प्रकारको छ । एकात्मक परिवार भन्नाले आमा, बुवा, उनीहरुका अविवाहिता छोरा छोरी रहेक हुन्छन् भने सयुक्त परिवारमा हजुरवुवा, हजुरआमा, वुवा आमा, अविवाहिता छोरा छोरी नाति नातिना, समेत रहेका हुन्छन् । यस अध्ययनमा उत्तरदाताको उत्तरमा आधारित भएर परिवारको बारेमा अध्ययन गरिएको हुन्छ । यसमा समेटिएका ८३ जना उत्तरदाताको पारिवारिक किसिमलाई यसमा समावेश गरिएको छ । उत्तरदाताको परिवारको किसिमलाई तालिका नं ५.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.८**
**उत्तरदाताको विवरणको आधारमा परिवारको किसिम**

| परिवारको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक परिवार | २९ | ३४.९३ |
| सयुक्त परिवार | ५४ | ६५.०१ |
| जम्मा | ८३ | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार यस अध्ययनमा संलग्न ८३ जना उत्तरदाता मध्ये आधा भन्दा बढी ५४ जना सयुक्त परिवार र एकात्मक परिवारमा २९ जना रहेको पाइयो । अध्ययन अनुसार युवा विधवाहरु प्राय एकात्मक परिवारमा बसेको पाइयो भने बृद्ध विधवाहरु संयुक्त परिवारमा बसेको पाइयो । प्रायः विधवाहरुले परिवारको साथमा बस्दा आफुलाई सुरक्षित महसुस गरेको पाइयो ।

## ५.९ स्वास्थ्य स्थिति

**उत्तरदाताको विवरणको आधारमा स्थास्थ्य स्थिति**

**तालिका नं. ५.९**

**स्वास्थ्य स्थितिउत्तरदाताको विवरणको आधारमा स्वास्थ्य स्थिति**

| **रोग** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| उच्च रक्त चाप | १९ | २२.८९ |
| आखा नदेख्ने | १ | १.२० |
| ढाड, खुट्टा दुख्ने | १६ | १९.२७ |
| ग्याष्ट्रिक | ११ | १३.२५ |
| मधुमेह | ८ | ९.६३ |
| स्वास्थ्यकर | **२२** | **२६.५०** |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार ८३ जना कुल उत्तरदातामध्ये १९ जनालाई उक्तरक्तचाप, १ जना आखाँ नदेख्ने, १६ जनालाई ढाड, खुट्टा दुख्ने, ११ जनालाई ग्याष्ट्रिक, ६ जनालाई मुटुरोग, ८ जनालाई मधुमेह जस्ता रोगको समस्या  र २२ जनाको स्वास्थ्य स्थिति ठीक रहेको पाइयो ।

## ५.१० धार्मिक अवस्था

धर्म एउटा आस्था र विश्वास हो । यसले मानिसलाई अनुशासनमा राख्ने काम गर्दछ । विश्वमा धेरै धर्महरु रहेका छन् । नेपाल पनि बहुसास्कृतिक, बहुजातिय र बहुधार्मिक देश भर भएर पनि यस अध्ययनले समेटेको क्षेत्रमा अत्याधिक हिन्दुधर्म मान्ने र ३ जना क्रिश्चियन धर्म मान्ने विधवा महिला रहेको पाइयो । धर्मका आधारमा विधवा बन्ने होइन तर धर्मले विधवाको भूमिकालाई भने निर्धारण गरेको हुन्छ । यसैले महिलाको सामाजिक रुपान्तरणमा धर्मलाई महत्वपूर्ण परिवर्त्यको रुपमा लिइन्छ । यस अध्ययनमा समावेह भएका विधवा महिलाहरुको आसयका आधारमा उनीहरुको धर्म सम्बन्धी विवरणलाई तालिक नं ५.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१०**

**धर्मको आधारमा उत्तरदाताको विवरण**

| धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ७३ | ८७.९५ |
| बौद्ध | ७ | ८.४३ |
| क्रिश्चियन | ३ | ३.६१ |
| जम्मा | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

यस अध्ययनमा समेटिएका ८३ जना विधवा महिलाहरु मध्ये ७३ जना(८७.९५) प्रतिशत हिन्दु धर्म मान्ने, ७ जना (८.४३) प्रतिशतबौद्ध धर्म मान्ने र ३ जना (३.६१) प्रतिशत क्रिश्चियन धर्म मान्ने पाइयो । यस अध्ययनमा ब्रामण, क्षेत्री, गुरुङ, मगर, रानाभाट, दलित आदिलाई समेटिएको छ । हिन्दु धर्ममा विधवा प्रतिको व्यवाहारमा अडिक रहेको दखियो भने बौद्ध र क्रिश्चियन धर्मवलम्बी उत्तरदाता अनुसार यसमा धेरै लचकता पाइयो ।

## ५.११ धार्मिक कार्यमा संलग्नता

नेपाली समाजमा धार्मिक पक्ष पनि एउटा महत्वपूर्ण पाटो हो । विधवा भए पश्चात महिला धार्मिक कार्यमा के कति संलग्न हुन्छन् भन्ने कुरा महत्वपूर्ण देखिन्छ । धार्मिक कार्यमा संलग्नताको आधारमा नि उत्तरदाताको सामाजिक अवस्थालाई निर्धारण गरिन्छ । त्यसैले यस अध्ययनमा समावेह गरिएका ८३ जना विधवा महिलाको संलग्नताको अवस्थालाई तालिक नं ५.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.११**

**धार्मिक कार्यमा संलग्नताको आधारमा उत्तरदाताको विवरण**

| धार्मिक कार्यमा संलग्नता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| मन्दिर जादिन | - | - |
| मन्दिर थोरै जान्छु | ३१ | ३७.३४ |
| मन्दिर धेरै जान्छु | ५२ | ६२.६५ |
| **जम्मा** | ८३ | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३

यस अध्ययनमा समेटिएका ८३ जना महिलाहरु विधवा भएपछि धार्मिक कार्यमा संलग्नताका आधारमा अध्ययन गरिएको छ । जसमध्ये धार्मिक कार्यमा जादै जादिन भन्नेको संख्या सुन्य रहेको छ । थोरै मात्रमा जान्छु भन्नेको संख्या ३१ र धेरै जान्छु भन्नेको संख्या

५२ रहेको पाइयो । उत्तरदाताहरु विभिन्न मन्दिरमा जाने गरेको पाइयो । अधिकांह महिलाहरु कहिलेकाँही र छरछिमेकमा हुदाँ नछुटाई जाने गरेको पाइयो र घरमा केही गर्न नपर्ने विधवाहरु बढी जाने गरेको र आफैले घर सबै काम गर्न पर्ने महिलाहरु कामको व्यस्तताको कारणले कम जाने गरेको पाइयो ।

## ५.१२ घरमुली

घरपरिवारका सदस्यहरुमध्ये प्रायः निर्णमा घर ८३ घरपरिवारका घरमुलीको अध्ययन यसमा गरिएको छ । जसलाई तालिका नं ५.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१२**

**परिवारको घरमूली आधारमा उत्तरदाताको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ससुरा | ७ | ८.४३ |
| आफै | ३१ | ३७.३४ |
| सासु | - | - |
| छोरा | ४५ | ५४.२१ |
| बुहारी | - | - |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार उत्तरदाताको घर परिवारमा ३१ परिवारमा अर्थात ३७.३४ महिलाहरुको आफै घरमुलीको भूमिका हुने गरेको पाइयो । त्यस्तै ७ परिवारमा अर्थात ८.४३ प्रतिशत घरमुलीको भूमिका ससुरा रहेको पाइयो भने ४५ परिवारमा अर्थात ५४.२१ प्रतिशत परिवारमा छोराको भूमिका घरमूलीको हुने गरेको पाइयो । जुन परिवारमा बावु नभएमा छोरा समक्ष भएका परिवारमा अन्य सदस्यहरु कमजोर अर्थात घरमुली भूमिका निर्वाह गर्न नसक्ने अवस्थामा रहेका परिवारमा मात्र विधवाले घरमुली भूमिका निर्वाह गरेको पाइयो ।

## ५.१३ पारिवारिक सहयोग

विधवा महिला पनि परिवार र समाजको एउटा सदस्य हो । उसलाई परिवारबाट हुने आर्थिक, सामाजिक र भावनात्मक सहयोगलाई नै परिवारिका सहयोगभनिन्छ । उत्तरदाता ८३ जना महिला परिवारबाट पाएको सहयोग कस्तो रहेको छ भन्ने कुरा यस अध्ययनमा

गरिएको छ । यसलाई उत्तरदाताको विवरण आधारमा प्राप्त कुरालाई तालिका नं ५.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१३**

**पारिवारिक सहयोगका आधारमा उत्तरदाताको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| फरक छ | - | - |
| फरक छैन | ८३ | १०० |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

नेपाली समाजमा विधवा भैसकेपछि उसले समाज परिवार सदस्यबाट पाउने सहयोग के कति फरक आएको छ या छैन भनेर गरिएको अध्ययनमा ८३ जना उत्तरदातामध्ये सबै अर्थात १०० प्रतिशत महिलाले पहिला र अहिलेको अवस्थामा पाउने सहयोगमा कुनै फरक आएको छैन भन्ने विवरण प्रस्तुत गरे । यो पक्ष भने विधवा महिलाप्रति राम्रो पाइयो ।

## ५.१४ छोरा छोरीको व्यवहार

हाम्रो नेपाली समाजमा नेपाली महिलाहरुले विधवा भएपछि तिनीहरुले आफ्ना छोराछोरीको आफूप्रतिको गर्ने व्यवहारमा परिवर्तन गर्ने गरेको वा परिवर्तन हुने गर्दछ । तर सबै परिवारमा त्यस्तो हुन्छ भन्ने छैन । यस अध्ययन त्यो पक्षलाई पनि अध्ययनको विषय बनाइएको छ । यसमा समावेश गरिएक उत्तरदाताको विवरणमा आधारित भएर छोराछोरीको व्यवहारमा हुने परिवर्तनलाई तालिका नं. ५.१४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१४**

**छोराछोरीको व्यवहारमा आएको परिवर्तनको आधारमा उत्तरदाताको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो छ | १७ | २०.४८ |
| राम्रो छैन | २३ | २७.७२ |
| सन्तोषजनक छ | ४३ | ५१.८० |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

महिला विधवा भएपछि छोराछोरीको व्यवहारमा के कस्तो रह्यो भनेर अध्ययनको विषय बनाइएको थियो । तालिका अनुसार ८३ जना उत्तरदातामध्ये १७ जना अर्थात २०.४८ प्रतिशत छोराछोरीको व्यवहार आफूप्रति राम्रो रहेको व्यक्त गरेको पाइयो । त्यस्तै २३ जना अर्थात २७.७२ प्रतिशतले आफूप्रति गरिने व्यवहार नराम्रो रहेको विचार व्यक्त गरे र ४३ जना अर्थात ५१.८० प्रतिशतले सन्तोषजनक व्यवहार गरिरेहको बिचार व्यक्त गरेका थिय । पारिवारिका बेमेलका कारणले गर्दा केही विधवा महिलाहरुले आफ्नै छोराछोरीबाट समेत नराम्रो व्यवहार व्यहोर्नु परेको छ । जे होस् अधिकांस महिलाको भनाई भने सन्तोषजनक स्थिति रहेको पाइयो ।

## सामाजिक संलग्नता तथा भुमिका

## ५.१५ रेखदेख गर्ने सदस्य

नेपाली समाजमा आफ्नो श्रीमानको मृत्यु पश्चात महिलाहरु विधवा भएपछि अपाङ्ग भएको अनुमति गरेको पाइन्छ र सबैमा यो लागु हुदैन । परिवार र समाजको एक सदस्यका रुपमा रहेका विधवा महिलाको रेखदेख हुनु आवश्यक छ । यसलाई पनि एउटा आधार बनाएर उनीहरुको रेखदेख कसले गर्ने गरेको छ भन्ने कुराको अध्ययन क्रममा उत्तरदाताको विवरण तालिका नं ५.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१५**

**विधवा महिलालाई सबैभन्दा बढी रेखदेख गर्ने व्यक्ति उत्तरदाताको विवरण**

| रेखदेख गर्ने व्यक्ति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छोरा | ६३ | ७५.९० |
| छोरी | ३ | ३.६१ |
| बुहारी | ५ | ६.०२ |
| नातिनातिना | - | - |
| आफै | १० | १२.०४ |
| ससुरा | २ | २.४० |
| देवर जेठाजु | - | - |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

यस अध्ययनमा विधवा महिलाले रेखदेख गर्ने कसले गर्ने गरेको भन्ने सन्दर्भमा अध्ययन गर्दा तालिका अनुसार अधिकासं विधवा महिलाको रेखदेख निजका छोराले गर्ने गरेको पाइयो

जसमा कुल ८३ जना मध्ये ६३ जना अर्थात ७५.९० विधवा छोरीले ३ जना बुहारीले ५ जना आफैले नै आफ्नो रेखदेख गर्ने १० जना, ससुराले हेरचाह गर्ने २ जना रहेको पाइयो ।

## ५.१६ विधवा प्रति समाजको दृष्टिकोण

आफ्नो जीवनसाथीको मृत्यु भएपछि विधवा बनेका महिलाहरुलाई समाजले विभिन्न दृष्टिकोणबाट हेर्ने गरेको पाइन्छ । उनीहरुप्रतिको दृष्टिकोण समाज अनुसार फरक फरक रहेको पाइन्छ । यस अध्ययनमा समावेह ८३ जना उत्तरदाताको उत्तरको आधारमा उनीहरुलाई समाजले के कस्तो दृष्टिकोणले हेर्ने गरेको छ भन्ने कुरालाई यसमा समावेश गरिएको छ । यस अध्ययनको विवरण निम्न तालिका नं ५.१६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१६**

**विधवाप्रति समाजको दृष्टिकोणको आधारमा उत्तरदाताहरुको विवरण**

| दृष्टिकोण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ६९ | ८३.१३ |
| नराम्रो | १४ | १६.८६ |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार यसमा समावेश गरिएका ८३ जना उत्तरदाताहरु मध्ये विधवाप्रति समाजको दृष्टिकोण राम्रो रहेको भन्नेमा ६९ जना अर्थात ८३.१३ प्रतिशत र नराम्रो रहेको भन्नेमा १४ जना अर्थात १६.८६ रहेको पाइयो । विधवा महिलालाई सामाजिक सास्कृतिक कार्यमा सन्दर्भमा केही मानिसले नराम्रो दृष्टिकोण हेर्न गरेको पाइयो महिलाले नै यो कुरालाई बुझ्न नसकेर महिलाले नै नकारात्मक दृष्टिकोण प्रस्तुत गर्ने गरेको विचार पनि उत्तरदाताबाट प्राप्त भएका थिए ।

## ५.१७ सामाजिक आरोप

हाम्रो समाजमा विधवा महिलाहरुलाई हेर्न दृष्टिकोण उनीहरुलाई लगाउने विभिन्न किसिमका दोष तथा आरोप लाग्ने गर्दछन् । हाम्रा समाजहरु पितृसत्तात्मक भएको हुनाले प्रायः जसो विधवा महिलाहरु यस्ता दोष आरोप बन्चित गाह्रो हुन्छ । त्यसैले यस अध्ययनमा संलग्न ८३ जना विधवा महिलाहरुको यस सम्बन्धी अध्ययन गरिएको छ । समाजमा विधवा महिलाहरुलाई लगाइने यस्ता दोष तथा आरोपलाई पनि महत्वपूर्ण परिवर्त्यको रुपमा लिई अध्ययन गरिएको छ । यसलाई तालिका नं ५.१७ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.१७**

**विधवा महिलालाई अध्ययन क्षेत्रमा लगाइने आरोपको आधारमा उत्तरदाताहरुको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बोक्सीको आरोप | १० | १२.०५ |
| साइत नपर्ने अलच्छिनी | १४ | १६.८७ |
| पोइ टोकुवा | ५ | ६.०२ |
| आरोप लागेको छैन | ५४ | ६५.०६ |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार हाम्रो समाजमा नेपाली समाजमा रहेका विधवा महिलाहरुले समाजमा बसेर विभिन्न आरोप बेहोर्नु परेको पाइयो । यस अध्ययनमा १० जना अर्थात १२.०५ प्रतिशत बोक्सी, १४ जना अर्थात १६.८७ प्रतिशतलाई साइत नपर्ने अलच्छिनी, ५ जना अर्थात ६.०२ प्रतिशत पोइटोकुवालाई, र कुनै  पनि आरोप नलागेकोमा ५४ अथाएत ६५.०६ प्रतिशत महिला रहेको पाइयो । समाजमा अझै पनि विधवा महिलालाई विभिन्न आरोप लगाएर जीवन कष्टकर रुपमा बिताइरहेको पाइयो ।

## ५.१८ पारिवारिक हिंसा

हाम्रो समाजमा जो कोही पनि पारिवारिक सदस्य पारिवारिक हिंसा भोग्न बाध्य भएको पाइन्छ । नेपाली महिलाहरु विधवा भएपछि, प्रतक्ष्य वा अप्रतक्ष्य रुपमा पारिवारिक हिंसा भोगेर जीवन यापन गरेको पाइन्छ । यस्ता घटना प्राय बाहिर आउदैनन् । यस अध्ययनमा समावेश गरिएका ८३ जना उत्तरदाताको पारिवारिक हिंसालाई महत्वपूर्ण विशेषताका रुपमा लिइएको छ । उत्तरदाताको विवरणका आधारमा उत्तरदाताको विवरण तालिका नं ५.१८ मा प्रस्तुत गरिएको छ ।

**तालिक नं ५.१८**
**पारिवारिक हिंसाको अध्ययन आधारमा उत्तरदाताको विवरण**

| पारिवारिक हिंसा भएको | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ० | |
| छैन | ८३ | १०० |
| जम्मा | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार यस अध्ययनमा समावेह गरिएका ८३ जना विधवा महिलाहरु पारिवारिक हिंसाको सिकार बन्नु नपरेको पाइयो । नेपाली समाजमा विभिन्न प्रकारका हिंसा हुने गरेको पाइन्छ । त्यसमा पनि विधवा महिला समाजमा हेपिएर चेपिएर बाँच्न बाध्य हुने हुनाले उनीहरु पनि हिंसाको सिकार हुने गरेका छन् । तर यस क्षेत्रमा सो नहुने गरेको र आफूप्रति राम्रो व्यवहार हुने गरेको पाइयो ।

## ५.१९ पहिरन

पहिरन भन्नाले लगाउने वस्त्र लगायतका कुरालाई जनाउँदछ । नेपाली महिलाहरुले विधवा भएपछि के कस्तो पहिरन लगाउदछन् भन्ने कुरामा समेत यस अध्ययनमा विषय क्षेत्र बनेको छ । उत्तरदाता महिलाहरु विधवा भएपछि के कस्ता लुगा लगाउदछन् उनीहरुबाट विवरणका आधारमा उत्तरदाताको विवरण तालिका नं ५.१९ मा प्रस्तुत गरिएको छ ।

**तालिक नं ५.१९**
**विधवा भएपछि पहिरनको आधारमा उत्तरदाताको विवरण**

| कस्तो लुगा लगाउनु हुन्छ | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| जुनसुकै | ३५ | ४२.१७ |
| रातो नभएको | ४८ | ५७.८३ |
| **जम्मा** | ८३ | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार हाम्रो समाजमा विधवाले रातो भएको कपडा लगाउन नहुने भन्ने मान्यता बढी रही आएको छ । तर समयको गतिसँगै धेरै कुरामा परिवर्तन आएको पाइन्छ । यस क्षेत्रका महिलाहरुमा कस्तो अवस्था रहेको छ भनेर अध्ययन गरिएको छ । यसमा समेटिएका विधवा महिलमध्ये ३५ जना अर्थात ४२.१७ प्रतिशत रातो लुगा लगाउने र ४८ जना अर्थात ५७.८३ प्रतिशत रातो नभएको लुगा लगाउने गरेको पाइयो । समयको परिवर्तन सगैं ४० वर्ष भन्दा कम उमेरका महिलालाई काज क्रिया गर्दा समेत सेतो लुगा लगाउने परिपाटि समेत हटेको पाइयो ।

**वैयक्तिक अध्ययन-४**

कास्की जिल्ला लेखनाथ ४ मा बस्ने वर्ष ४६ कीम सीता परियार एकल महिला हुँ । मेरा एक छोरा र एक छोरी रहेका छन् । मेरो श्रीमानको मृत्यु २०६७ सालमा वैदेशिक रोजगारीको क्रममा जाँदा मृत्यु भएको हो । श्रीमानको मृत्यु पछि एकल बनेकी मलाई सम्पूर्ण जिम्मेवारी आफ्नो काँधमा आइपरेपनि श्रीमानको मृत्युको पीडालाई पछाडि सारेर निकै सङ्घर्ष गरेकी छु । साधारण लेखपढ गरेकी मएक सङ्घर्षशिल महिला हु ।मैले श्रीमानको मृत्यु पश्चात कपडा सिलाउने काम गरि आफ्नो जीवन निर्वाह गरेकी छु । मैले अहिले त्यही कपडा सिलाएको आम्दानीबाट घर खर्च टार्ने, छोरा छोरीलाई पढाउने गर्दछु ।मैले परिवारले रातो वस्त्रलाई पहिरन राम्रो नमानेपनि उनले रातो वस्त्रलाई श्रीमानले बिहेको उपहार हो र सबैले विधवा महिलाले सेतो वस्त्रलाई त्यागी रातो वस्त्र लगाउदा खासै फरक नपर्ने ठान्दछु । विधवा भएपछि लगाउने सेतो वस्त्रले आफुहरु समाजमा पछाडी परेको भान हुन्छ । यसकारण समाजमा सामाजिक परिवर्तन ल्याउन पहिले आफै सङ्घर्ष गर्नुपर्दछ ।

## ५.२० श्रृगारप्रतिको दृष्टिकोण

श्रृगार भन्नाले महिलाहरुले लगाउने विभिन्न साधनलाई जनाउँदछ । हाम्रो नेपाली समाजमा विधवा महिलाहरुले के लगाउने हुने के लगाउन नहुने भन्ने मान्यता प्रचलनमा रहेको पाइन्छ । ती मध्ये विशेष गरी चुरा, पोते, रातो रङ्ग, टीकालाई श्रृंगारका प्रतिक वा सौभाग्यका रुपमा मानिन्छ । ती वस्तु  विधवा भएपछि लगाउन हुदैन भनी चलि आएको मान्यताका बारेमा यसमा समावेश गरिएका विधवा महिलाहरु दृष्टिकोणहरुलाई पनि एउटा आधार बनाइएको छ । उत्तरदाता महिलाहरुको विवरणका आधारमा उनीहरुको ती समाग्रीप्रतिको दृष्टिकोण तालिका नं ५.२० मा प्रस्तुत गरिएको छ ।

**तालिक नं ५.२०**

**रातो, चुरा, टीका र पोतेको बारेमा उनीहरुको दृष्टिकोण**

| श्रृंगारका वस्तुहरु लगाउनु | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ६० | ७२.२८ |
| नराम्रो | २३ | २७.७२ |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

माथिको तालिका अनुसार हाम्रो समाजमा विधवाले श्रृङ्गारका वस्तु लगाउन हुने भन्ने मान्यता बढी रही आएको छ । समयको गतिसँगै धेरै कुरामा परिवर्तन आएको कारणले गर्दा यसो हुन गएको पाइन्छ । यस क्षेत्रका महिलाहरुमा श्रृंगार सम्बन्धी कस्तो धारण रहेको छ भनेर अध्ययन गरिएको छ । यसमा समेटिएका विधवा महिलमध्ये ६० जना अर्थात ७२.२८ प्रतिशत श्रृंगारका सामाग्री लगाउन हुने  र २३ जना अर्थात २७.७२ प्रतिशत श्रृंगारका वस्तु लगाउन नहुने भन्ने धारण रहेको पाइयो ।

## ५.२१ पारिवारिक निर्णायमा भूमिका

परिवारमा रहेका सदस्यहरुमध्ये घर व्यवाहारको जुनसुकै कार्यको लागि पनि निर्णायक भूमिका खेल्ले व्यक्ति महत्वपूर्ण हुन्छ । जसले कुनै पनि सर्न्दभमा उपयुक्त निर्णय दिन सक्ने क्षमता हुनुपर्दछ । नेपाली समाजमा प्रायः पुरुषहरुले नै मात्र यो भूमिका निर्वाह गर्दै आएको पाइन्छ । तर नेपाली समाजका जनजातिहरुमा भने पारिवारिक निर्णयमा महिलाहरुको भूमिका बढी रहेको पाइन्छ ।

यस अध्ययनमा नेपाली समाजका विधवा महिलाहरुको निर्णयात्मक भूमिकाको अवस्थालाई अध्ययन गरिएको छ । जसलाई तालिका नं ५.२१ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.२१**
**परिवारमा निर्णायक भूमिकाको आधारमा उत्तरदाताको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महत्वपूर्ण जादिन | ४५ | ५४.२१ |
| हुदैन | ३८ | ४५.७८ |
| **जम्मा** | ८३ | १००.०० |

स्रोत : स्थलगत अध्ययन २०७३

यस अध्ययनमा समावेश गरिएका ८३ जना विधवा महिलाहरु मध्ये ४५ जना अर्थात ५४.२१ प्रतिशत को निर्णयक भूमिका महत्वपूर्ण पाइयो । त्यस्तै ३८ जना परिवार अर्थात ४५.७८ प्रतिशतको निर्णयमा कुनै भूमिका नहुने रहेको पाइयो । जुन घर परिवारमा छोरा बुहारी र अन्य सदस्यहरु व्यवहार समाल्ने अवस्थामा रहेका छन् । सो परिवारमा निर्णयको भूमिका नरहेको र छोरा बुहारी नभएका अन्य परिवारका सदस्य निर्णयात्मक भूमिका निर्वाह गर्ने अवस्थामा नरहेको परिवारमा उनीहरुको निर्णयात्मक भूमिका दुवै गरेको पाइयो ।

## ५.२२ विधवा अवस्था प्रतिको दृष्टिकोण

हाम्रो समाजमा यस अवस्थामा जीवन व्यतित गरिरहेको महिलाहरुले आफ्नो अवस्थाको बारेमा दृष्टिकोण प्रस्तुत गरको पाइन्छ । यस अध्ययनमा पनि महिलाको विधवा जीवनप्रतिको दृष्टिकोणलाई अध्ययनको क्षेत्र बनाइएको छ । उत्तरदाताको उत्तरको आधारमा त्यसप्रतिको दृष्टिकोणलाई तालिका नं ५.२२ मा प्रस्तुत गरिएत्रको छ ।

**तालिक नं ५.२२**
**विधवा जीवनप्रतिको उत्तरदाताको दृष्टिकोण**

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| भाग्यले गर्दा | १५ | १८.०७ |
| कर्म खोटो | १६ | १९.२७ |
| दुःख पाउन लेखेको | १६ | १९.२७ |
| स्वभाविक घटना | ३६ | ४३.३७ |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

यस अध्ययनमा समावेश गरिएका ८३ जना उत्तरदाता मध्ये १५ जना अर्थात १८.०७ प्रतिशत भाग्यले गर्दा, १६ जना अर्थात १९.२७ प्रतिशत कर्म खोटो, १६ जना अर्थात १९.२७प्रतिसत,  १६ जना अर्थात १९.२७ प्रतिशत दुःख पाउन लेखेको, ३६जना अर्थात ४३.३७ प्रतिशत स्वभाविक घटनाले गर्दा भएको भन्ने धारण व्यक्त गरे ।

## ५.२३ पुर्नविवाह

पुर्नविवाह भन्नाले पुनः विवाह गर्नुलाई बुझिन्छ । श्रीमानको मृत्यु पश्चात र मृत्यु नहुदैंको अवस्थामा पनि दोस्रो श्रीमान अपनाउने गरेको पाइन्छ । यहाँ श्रीमानको मृत्युपश्चात एक्लो जीवन बिताइरहेका महिलाहरुको पुन विवाह सम्बन्धी दृष्टिकोण कस्तो रहेको छ । विधवा भएपछि पुन विवाह गर्नु राम्रो कि नराम्रो भन्ने कुरालाई विषय बनाएर त्यस दृष्टिकोणलाई आधार मानेर अध्ययन गरिएको छ । यसलाई तालिका नं ५.२३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.२३**
**पुनः विवाह प्रतिको दृष्टिकोण सम्बन्धी धारणा**

| **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| राम्रो | १६ | १९.२७ |
| नराम्रो | ६७ | ८०.७२ |
| **जम्मा** | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

यस अध्ययनमा समेटिएका ८३ जना उत्तरदाताहरुलाई पुन : विवाह गर्नु राम्रो कि नराम्रो भनी सोध्दा १६ जना अर्थात १९.२७ प्रतिशत राम्रो र ६७ जना अर्थात ८०.७२ जनाले नराम्रो भन्ने धारणा व्यक्त गर्नुभयो ।

## ५.२४ विधवा विवाह सम्बन्धी कानुनको जानकारी

यस अध्ययनमा समावेश गरिएका ८३ जना विधवा महिला उत्तरदाताालाई सरकारी तवरबाट कानुनता विधवा विवाह सम्बन्धी कानुनी मान्यता भएको छ। सो कुरा उनीहरुलाई जानकारी छ या छैन भन्ने विषय बनाइएको छ । सो अध्ययन गर्ने क्रममा उत्तरदाताको विवरण आधारित गरिएको अध्ययनलाई  तालिका नं ५.२४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५.२४**
**विधवा विवाह सम्बन्धी कानुनी जानकारी**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| जानकारी छ । | ३५ | ४२.१६ |
| जानकारी छैन | ४८ | ५७.८४ |
| जम्मा | **८३** | **१००.००** |

स्रोत : स्थलगत अध्ययन २०७३

यस अध्ययनमा समेटिएका ८३ जना विधवा महिलाहरुलाई विधवा विवाह सम्बन्धी कानुनी जानकारी के कति रहेको छ भनेर अध्ययन गरिएको छ। यस अध्ययनमा ३५ जना अर्थात ४२.१६ प्रतिशत विधवाले यस बारे जानकारी भएको धारण व्यक्त गरे । ४८ जना महिलाले त्यस्तो कानुनको बारेमा आफुलाई कुनै जानकारी नभएको बताए ।

## ५.२५ आम्दानीको अवस्था

अध्ययन क्षेत्रका उत्तरदाताहरुको प्रतिमहिना हुने आम्दानीको अवस्थाको बारेमा गरिएको अध्ययन अनुसार प्राप्त विवरणलाई तालिका नं. ५.२५ मा देखाईएको छ ।

**तालिका नं. ५.२५**
**आम्दानीको आधारमा उत्तरदाताहरु**

| आम्दानीको परिणाम | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| छैन | १३ | १५.६६ |
| ३००० भन्दा कम | २९ | ३४.९३ |
| ३००० देखि ५००० सम्म | २२ | २६.५० |
| ५००० भन्दा माथि | २१ | २५.३० |
| **जम्मा** | **८३** | **१००** |

स्रोत : स्थलगत अध्यन : २०७३

माथिको तालिका अनुसार उत्तरदाताहरुको आम्दानी (प्रतिमहिना) लाई हेर्दा नियमित रुपमा आम्दानी छैन भन्नेको सङ्ख्या १३ जना १५.६६ प्रतिशत, ३००० भन्दा कम आम्दानी गर्नेहरुको सङ्ख्या सबैभन्दा बढी २९ जना ३४.९३, ३००० देखि ५००० सम्म गर्नेहरुको सङ्ख्या २२ जना २६.५० प्रतिशत र ५००० भन्दा माथि हुनेको सङ्ख्या २१ जना २५.३० प्रतिशत रहेको छ ।

## ५.२६ पेशागत स्थिती

मान्छे बाँच्नका लागि आय आर्जन गर्नु जरुरी छ । यस्तो आयआर्जन विभिन्न पेशामा लागेर गर्न सकिन्छ । हाम्रो देश एउटा अविकसित देश हो । जहाँ पेशाको विशिष्टकरण पाईदैन किन भने एउटा मान्छेले दैनिक रुपमा एउटा मात्र काम गरेर मात्र उसको जिविकोपार्जन गर्न कठिन छ । उसले एक दिनमा धेरै किसिमका कामहरु गर्नु पर्दछ । जस्तो कृषि पनि नोकरी पनि ज्यालादारी पनि आदी । यसमा पनि महिलाहरुको नाजुक अवस्था रहेको छ । किनभने उनीहरुलाई चुलो चौको घर धन्दा नै सिमित गराईन्छ तर यो घर धन्दाको मुल्यलाई तिरिदैन । स्थलगत अध्ययनको क्रममा अध्ययन क्षेत्रका उत्तरदाताहरुको आम्दानीका लागि के कस्तो पेशामा आवद्ध हुनुपरेको छ त्यसको विवरणलाई तालिका नं. ५.२६ मा देखाईएको छ ।

**तालिका नं. ५.२६**
**पेशाका आधारमा उत्तरदाताहरु**

| पेशा | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ४३ | ५१.८० |
| नोकरी | ६ | ७.२२ |
| व्यापार | ९ | १०.८४ |
| ज्याला मजदुरी | १५ | १८.०७ |
| जम्मा | ८३ | १०० |


स्रोत : स्थलगत अध्यन : २०७३

यस अध्ययनमा समेटिएका ८३ जनाले ४३ जना अर्थात् (५१.८०%) कृषि पेशामा, ६ जना अर्थात् (७.२२%) नोकरी जसमध्ये ३ जना विद्यालय शिक्षिका रहेका छन् भने २ जना चाँही सहकारीमा संलग्न रहेका छन् । भने एकजना महिला नेपाल सरकारको कर्मचारी रहेकी छिन् । यहाँ ९ जना अर्थात् (१०.८४) व्यापारमा संलग्न छन् भने १५ जना अर्थात् ( १८.०७%) ज्याला मजदुरी गर्दछन् ।

**चित्र नं. ५.२**

**पेशाका आधारमा उत्तरदाताहरु**

माथिको तालिकालाई स्तम्भ चित्रमा देखाइएको छ ।




## ५.२७ सामाजिक क्रियाकलापमा संलग्नता

अध्ययन क्षेत्रका उत्तरदाताहरुलाई सामाजिक क्रियाकलापमा संलग्न हुनुहुन्छ कि छैन भन्ने प्रश्नको जवाफमा आएको विवरणलाई तालिका नं. ५.२७ मा देखाईएको छ ।

**तालिका नं. ५.२७**

**सामाजिक क्रियाकलापमा संलग्नताको आधारमा उत्तरदाताहरु**

| **सामाजिक क्रियाकलाप** | **उत्तरदाता संख्या** | **प्रतिशत** |
|---|---|---|
| संलग्न छु | २६ | ३१.३२ |
| संलग्न छैन | ३८ | ४५.७८ |
| थाहा छैन | १९ | २२.८९ |
| जम्मा | ८३ | १०० |

स्थलगत अध्यन : २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको सामाजिक क्रियाकलापमा रहेको संलग्नता सम्बन्धि पक्षको अध्ययन गर्दा संलग्न छैन भन्नेको संख्या सबै भन्दा बढी ३८ जना ४५.७८ प्रतिशत, त्यस सम्बन्धी केहीपनि जानकारी नभएका १९ जना २२.८९ प्रतिशत र विभिन्न क्रियाकलापमा संलग्न हुनेहरुको संख्या २६ जना ३१.३२ प्रतिशत रहेको पाइयो ।

उपरोक्त विवरणले के देखाउछ भने महिलाहरुमा अझैपनि सशक्तिकरण भई नसके प्रष्ट हुन्छ ।

## ५.२८ जग्गा जमिनको परिणामको स्थिती

अध्ययन क्षेत्रका उत्तरदाताहरु मध्य आफ्नै नाममा जग्गा जमिन हुनेहरुको जग्गा जमिनको परिणामलाइ तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न. ५.२८**

**जग्गा जमिनको परिणामको आधारमा उत्तरदाताहरु**

| जग्गाको परिणाम | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| कतिपनि छैन | ३५ | ४२.१६ |
| ३ रोपनि भन्दा कम | १८ | २१.६८ |
| ३ देखि ५ रोपनि सम्म | १६ | १९.२७ |
| ५ देखि १० रोपनि सम्म | ९ | १०.८४ |
| १० रोपनि भन्दा माथि | ५ | ६.०२ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिकाअनुसार जग्गा जमिन आफ्नो नाममा नभएका उत्तरदाताहरु ३५ जना (४२.१६%) रहेका छन्, ३ रोपनि भन्दा कम भएका १८ जना (२१.६८%), ३ देखि ५ रोपनि भएका १६ जना (१९.२७%), ५ देखि १० रोपनि जग्गा जमिन भएका ९ जना (१०.८४%) र १० रोपनि भन्दा बढि जग्गा हुने एकल महिलाहरुको संख्या ५ जना (६.०२%) रहेको पाइयो । उपरोक्त विवरणले के देखाउँछ भने आफ्नो जग्गा जमिन हुने एकल महिलाको भन्दा जग्गा जमिन नहुने एकल महिलाको आफ्नो परिवारमा आर्थिक भूमिका कम रहेको पाइयो ।

## ५.२९ उत्तरदाताका बालबालिका संख्या

अध्ययन क्षेत्रका उत्तरदाताहरुको बलबालिका कति छन कि छैनन् भन्ने प्रश्नको जवाफमा आएको विवरणलाई तालिका न. ५.२९ मा देखाइएको छ ।

## तालिका न. ५.२९

## बाबालिका संख्याको आधारमा उत्तरदाताहरु

| बालबालिका संख्या | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| छैनन् | ४ | ४.८१ |
| १ जना | ३ | ३.६१ |
| २जना | १३ | १५.६६ |
| ३ जना | २४ | २८.९१ |
| ४ जना र ४ भन्दा माथि | ३९ | ४६.९८ |
| जम्मा | ८३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७३

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरुको बालबालिकाको संख्या हेर्दा कतिपनि सन्तान नहुनेको संख्या ४ जना (४.८१%), १ जना सन्तान हुनेको संख्या ३ जना ( ३.६१%), २ जना सन्तान हुनेको संख्या १३ जना (१५.६६%), ३ जना सन्तान हुनेको संख्या २४ जना (२८.९१%) र ४ जना सन्तान र ४ जना सन्तान भन्दा माथि हुनेको संख्या ३९ जना (४६.९८%) रहेको पाइन्छ। माथिको विवरण बाट के देखिन्छ भने धेरै जना सन्तान हुने उत्तरदाताको भन्दा सन्तान थोरै हुने उत्तरदाताको जीवन सुखमय देखियो भने कतिपनि सन्तान नहुनेको जीवन भने अति नै दुखि देखियो।

# अध्याय - छ

## साराशं, निष्कर्ष तथा सुझावहरु

### ६.१ सारांश

यस शोधपत्र कास्की जिल्ला लेखनाथ नगरपालिका वडा नं. ४ का एकल महिलाहरुको सामाजिक रुपान्तरणमा संलग्नता तथा भूमिकाको अवस्था बारे जानकारी लिनुका साथै निम्न प्रश्नहरुको उत्तर खोजिएको छ । एकल महिलाहरुको सामाजिक आर्थिक अवस्था कस्तो छ ?, एकल महिलालाई समाजले हेर्न धारणा कस्तो छ । एकल महिलाको सामाजिक रुपमान्तरणमा भूमिका कास्तो छ ?, एकल महिलाहरुले सामाजिक परिवर्तनका निम्ति कस्तो भूमिका खेलेका छन् ? यस अध्ययनमा एकल महिलाप्रति सामाजको परम्परागत धारणा पत्ता लगाउने र एकल महिलाहरुको सामाजिक रुपान्तरणमा संलग्नता तथा भूमिकाको विश्लेषण गर्ने जस्ता उद्देश्यमा आधारित रहेर तयार पारिएको छ । यस अध्ययनमा सिमित क्षेत्र र स्थानलाई छनौट गरी देशभरी छरिएर रहेका एकल महिलाको अध्ययन गर्न नसकेता पनि लेखनाथ नगरपालिका वडा नं. ४ मा वस्ने एकल महिलाको मात्र सामाजिक रुपान्तरणमा संलग्नता साथै उनीहरुलाई समाजले हेर्ने दृष्टिकोणमा देखिएको परिवर्तनलाई जस्ताको त्यस्तै उतार्ने प्रयास गरिएको छ ।

यस क्षेत्रमा अरु विषयहरुमा केन्द्रीत भएर अध्ययन अनुसन्धान भएपनि यस विषयमा अध्ययन नभएकोले यस क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको हो । यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक ढाँचा प्रयोग गरिएको छ र प्राथमिक र द्धितिय स्रोतहरुको प्रयोग गरी तथ्याङ्क र सूचनाहरु सङ्कलन गरिएको छ । अध्ययन क्षेत्रमा रहेका १४४ जना एकल महिलाहरुमध्ये २० -७० वर्ष उमेरका ८३ जनाको अध्ययन गरिएको छ र ती उत्तरदातहरुसँग अन्तर्वार्ता अनुसूची, अवलोकन अनुसूची र वैयक्तिक अध्ययनद्वारा आवश्यक सूचनाहरु सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कहरुलाई अध्ययनको उद्देश्य अनुसार वर्णनात्मक व्याख्यात्मक रुपमा तथ्याङ्क प्रस्तुत गरिएको छ । जसमा तालिका, पाईचार्ट आदिद्वारा तथ्यहरुलाई प्रस्ततीकरण र विश्लेषण गरिएको छ ।

**मुख्य प्राप्तिहरु**

- अध्ययन क्षेत्रमा उत्तरदाताहरुको सम्बन्धमा अध्ययन गर्दा यस क्षेत्रमा विभिन्न जातजातिहरु ब्राह्मण, क्षेत्री, सार्की, दमै, गुरुङ्ग, नेवार आदि रहेको पाइयो । जसमध्ये ब्राम्हण सबैभन्दा बढी ४० जना (४८.१९%) रहेको र क्रमश क्षेत्री, सार्की, दमै, गुरुङ्ग तथा अन्य जाति रहेको पाइयो
- अध्ययन क्षेत्रका एकल महिलाहरुको उमेरको स्थिति हेर्दा सबैभन्दा बढी ( ६१-७० ) वर्षका ३९ जना (४६.९८%) रहेको पाइयो । जहाँ धेरै जस्तोको उमेर पुगेर र रोग लागेर श्रीमानको मृत्यु भएको पाइयो ।
- उत्तरदाताहरुको शैक्षिक स्थितिको कुरा गर्दा सबैभन्दा बढी निरक्ष ३९ जना (४६.९८%) रहेको पाइयो भने पछिल्लो समयमा विधवा भएका महिलाहरु उच्चशिक्षा सम्मको पढाई पुरा गरेको पाइयो ।
- अधिकांश उत्तरदाताहरु हिन्दु धर्म मान्ने ७३ जना (८७.९५%), बौद्ध धर्म मान्ने ७ जना (८.४३%) र क्रिश्चियन धर्म मान्ने को संख्या ३ जना (३०३.६१%) रहेको देखिन्छ ।
- पेशागत स्थितिलाई हेर्दा सबैभन्दा बढी कृषि पेशामा संलग्न ४३ जना (५१.८०%) र सबैभन्दा कम नोकरी गर्ने ६ जना (७.२२%) रहेका छन् र व्यापार तथा ज्याला मजदुरी गर्नेका संख्या पनि क्रमश ९ र १५ जना (१०.८४, १८.०७%) रहेको देखिन्छ ।
- आम्दानीको अवस्थालाई हेर्दा मासिक अगभग ५००० भन्दा बढी आम्दानी गर्ने २१ जना अर्थात (२५.३०%) (३००-५००) आम्दानी गर्ने २३ जना अर्थात ( २६.५०% ) रु ३००० भन्दा कम आम्दानी गर्ने २९ जना ( ३४.९३ ) जना र कतिपनि आम्दानी नगर्ने एकल महिलाहरु १३ जना (१५.६६%) रहेको देखिन्छ ।
- एकल महिलाहरुको श्रीमानको मृत्युको कारण मा सबैभन्दा बढी रोग लागेर ३६ जना (४३.३७%) उमेर पुगेर ३४ जना (४०.९६%), दुर्घटनामा परी ७ जना ( ८.४३%) आत्महत्या गरेर ३ जना (३.६१%), करेन्ट लागेर २ जना (२.४०%), रुखबाट खसेर १ जना ( १.२०% ) बाट मृत्यु भएको देखिन्छ । र यहाँका एकल महिलाहरु मध्य २९ जना ( ३४.९३% ) एकल परिवारमा ५४ जना ( ६५.०१% ) संयुक्त परिवारमा बस्दै आएको देखिन्छ ।

- एकल परिवारमा भन्दा संयुक्त परिवारमा बस्ने एकल महिलाहरु बढी पीडित भएको देखिन्छ ।
- सामाजिक क्रियाकलापमा यस क्षेत्रका एकल महिलाहरुको संलग्नतालाई हेर्दा ८३ जना मध्य संलग्न हुनेहरु जम्मा २६ जना ( ३१.३२% ) नहुने हरु सबैभन्दा बढी ३८ जना (४५.७८%) र यस सम्बन्धि जानकारी नहुनेहरुको संख्या १९ जना (२२.८९%) रहेको देखिन्छ । सामाजिक कार्यमा संलग्न हुनेहरु मध्य अधिकांश एकल महिलाहरुको निर्णायक भूमिका सामान्य किसिमको हुने गरेको पाइयो भने महत्वपुर्ण सामाजिक भूमिका निर्वाह गर्नेहरु जम्मा ६ जना ( ७.२२% ) रहेको देखिन्थ्यो ।
- एकल महिलाहरु मध्ये अधिकांश अर्थात ६९ जना (८३.१३%) ले आफुलाई समाजले हेर्ने दृष्किोण सकरात्मक नै रहेको बताए भने १४ जना अर्थात (१६.८६%) ले आफूहरुप्रति समाजले नकरात्मक धारणा राख्ने गरेको बताए ।
- उत्तरदाताहरुलाई रातो वस्त्र तथा श्रृङ्गारका बस्तु प्रयोग गर्नुहुन्छ कि हुन्न भनी गरिएको अध्ययनमा अधिकांश ४८ जना (५७.८३) ले हुदैन भनेक थिए भने लगाउँदा पनि फरक नपर्ने धारणा राख्नेहरु ३५ जना (४२.१७%) थिए र विधवा विवाह गर्नु ठिक भन्ने प्रश्न गर्दा १६ जना (१९.२७%) ले ठिक हो भनेका थिए भने ६७ जना ( ८०.६२% ) ले ठीक होइन भन्ने धारणा व्यक्त गरेका थिए ।
- श्रृङ्गार का सामाग्री प्रयोग गर्नु राम्रो मानेता पनि अधिकांश उत्तरदाताहरु आफुले भने खासै प्रयोग नगरेको वताउँदछन् ।
- एकल महिलाहरुलाई सक्षम बनाउनको लागि विभिन्न सीपमूलक कार्यक्रममा सहभागी गराउनुपर्ने साथै रोजगारीको अवसर दिनुपर्ने जस्ता अभिव्यक्तिहरु पाइयो ।
- त्यसैगरी अध्ययनको सिलसिलामा मूख्य जानिफकारसँग लिइएको अन्तरवार्ताको जवाफमा अधिकांशको विचार उस्तै रहेको पाइयो । यस क्रममा उनीहरुले विधवा र अन्य महिलामा समाजमा कुनै किसिमको विधउद नभएको बताए ।

## ६.२ निष्कर्ष

कास्की जिल्ला लेखनाथ नगरपालिका वडा नं. ४ का एकल महिलाहरुको सामाजिक रुपान्तणमा संलग्नता सम्बन्धि विषयमा गरिएको अध्ययनबाट निम्न किसिमको निष्कर्ष निकाल्न सकिन्छ ।

यस अध्ययन बाट अध्ययन क्षेत्रका उत्तरदाताहरु अधिकांशले आफ्नो पहिरन र श्रृंगारमा परिवर्तन ल्याएका छन र कतिपय ले आफुले यस्तो परिवर्तन नगरेपनि अरुलाई जस्तोसुकै ब्रस्त र श्रृंगार लगाएपनि हुन्छ भनेका छन् । श्रीमानको मृत्यु हुदैमा हामीले आफुले लगाउने पहिरन र श्रृंगार छाड्नु पर्दैन भनि उनिहरुलाई हौसला दिएका छन् । यसबाट के देखिन्छ भने त्यस ठाउका एकल महिलाहरुको रुढीवादी परम्परागत धारणामा परिवर्तन आएको छ । यस अध्ययन बाट के पनि भन्न सकिन्छ भने श्रीमानको मृत्यु पश्चात कमाउने आफु मात्रै हुनाले त्याहाका एकल महिलाहरु विभिनन किसिमका रोजगारी र व्यापारमा पनि लाग्न थालेका छन् जसले गर्दा उनिहरुलाई आफु र आफ्नो परिवारको जीवन संचालनका लागि सहज भएको देखिन्छ ।

यस अध्ययन क्षेत्रका अधिकांश एकल महिलाहरु आफुले नपढेको हुनाले दुख पाएको हुनाले उनिहरुले आफ्ना छोरी बुहारीहरुलाई पढ्नु पर्ने रहेछ भन्ने चेतना दिएका छन् । यसरी उनिहरुमा शिक्षा प्रति पनि रुपान्तरण भएको देखियो साथै यस क्षेत्रका एकल महिलाहरुले पहिला परम्परागत कृषि गर्ने गर्दथे तर यसमा पनि परिवार्तन आएको छ । जाँहा उनिहरु विभिन्न तालिम, गोष्ठीहरुमा सहभागिता हुने र आधुनिक कृषि र व्यवसायिक रुपमा बाखा, गाईभैसि, कुखुरा पालन गर्ने गरेको देखियो र उनिहरुमा आफ्ना छोराछोरीहरुको सानै उमेरमा विवाह गर्न नहुने रहेछ, सानै उमेरमा विवाह गर्नाले पछि दुःख पाइने रहेछ भन्ने यस ठाउँका उत्तरदाताहरुको सोचाइमा परिवर्तन आएको पाइन्छ ।

## ६.३ सुझावहरु

- सर्वप्रथम विधवा महिलाहरु प्रतिको नकारात्मक दृष्टिकोणलाई समाजमा बस्ने हरेक व्यक्तिहरुले हटाउनु पर्दछ ।

- विधवा महिलाका छोराछोरीहरुलाई वावुको मृत्यु पछि शिक्षा, स्वास्थ्यको निशुल्क व्यवस्था गरिदिनुपर्ने र विधवा महिलाहरुलाई आयमूलक कार्यक्रमहरु संचालन गराउनुपर्दछ ।

-सरकारी तथा गैर सरकारी संघ संस्थाका नीतिहरु एकल महिलाहरु प्रति लक्षित रहनुपर्दछ र विधवा प्रतिको नकारात्मक सोचलाई सकारात्मक सोचको रुपमा लिनुपर्छ ।

-सानै उमेरमा हुने विवाहलाई निरुत्साहित गर्नु पर्दछ ।

-घरपरिवारमा पनि विधवा महिलाहरुलाई अन्य सदस्यहरुलाई जस्तै समान किसिमको व्यापार गराउनु पर्दछ । जसको लागि चेतनास्तरमा वृद्धि गर्नुपर्दछ ।

-सबैतिरबाट उपेक्षित भएर बाँचेका एकल महिलाहरुलाई समान अनुभुती दिनुपर्दछ । यसको लागि समाजमा हुने गरेका हरेक किसिमका क्रियाकलापमा उनीहरुलाई सहभागी गराउनु पर्दछ । जसले गर्दा उनिहरुको मनमा उर्ब्जको वितृष्ठा कम भएर जान्छ ।

# सन्दर्भ सामाग्री सुची

अस्तित्व (अर्धवार्षिक पत्रिका, २०६७),**नारीको पहिचान** (५.७) काठमाडौँ, मानवअधिकारका लागि महिला, एकल महिला समूह ।

अस्तित्व (अर्धवार्षिक पत्रिका, २०६७), **वैकल्यता अर्थात् बाल विधवा र नेपालमा तिनको अवस्था,** पृ.९, काठमाण्डौं, मानवअधिकारका लागि महिला, एकल महिल समूह

अधिकारी,(शेषराज र घिमिर हरिहर, २०५९), **नेपाली समाज र संस्कृति,** काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार ।

कार्की, अशोक कुमार, २०६७ : **सामुदायिक तथा प्रजनन् स्वास्थ्य,** पैरवी प्रकाशन, पुतलीसडक, काठमाण्डौं ।

के.सी., सुरेन्द्र, २०५५: **प्राचीन र मध्यकालिन नेपाल**, काठमाण्डौं, पैरवी प्रकाशन ।

पण्डित, चतुर्वेदी, ज्वाला प्रसाद, १९९६, **मनुस्मृति** : रणधिर प्रकाशन पब्लिकेशन

ओझा, घननाथ २०५६ : **नेपालमा महिला**,काठमाडौँ ( पैरवी प्रकाशन ) ।

**लेखनाथ नगरपालिकाको परिचय**, वडा विकास समितिको कार्यलय, कास्की

ढकाल, सोमनाथ, २०६७**सामुदायिक तथा प्रजनन् स्वास्थ्य**, रत्न पुस्तक भण्डार

थापा लिलि, २०६२, **एकल महिलासँगको सहयोगको सहानुभूति,** किरोजमान सिंह बस्न्यात काठमाडौँ

थापा लिलि, २०६२, **नेपालमा एकल महिलाको स्थिति,** एक अध्ययन मानवअधिकारका लागि महिला, एकल महिला समूह, काठमाडौँ ।

थापा लिलि, २०६४ **विधवाको वास्तविकता, मानवअधिकारका लागि महिला, एकल महिला समुह**, पाक्षिक नेपाल, काठमाडौँ

**नेपाल अधिराज्यको संविधान,** २०४७

**नेपालको अन्तरिम संविधान**, २०६३

**-गोरखापत्र दैनिक,** २०६५ पृ. ५

Bennett lynn, 1983. ***Dangerous wives sacred sisters***columbia University press, New York, Mandala Book point, Kathmandu.

Bhasin kamala, 1993 :***What is  Patriarchy?*** Kali for women, New Delhi.

***Centeral Bureau of Statistics ( CBS ), 2003 2.13***, : population Monograph of Nepal, Vol. 1, Kathmandu. CBS, HMG

Qualitative Methods, SAGE publications, London Thousands oaks, New Delhi Ritzer George 1992 : Sociological theory, third edition, MC Graw - HillINC

Ritzer George, 1992: Sociologiacal theory, third edition, Mc Graw-Hill INC.

Singh & Shrestha N, 2006: ***A Socio Cultural Status of Single women in Nepal***, "Hamro sansar . A World of own issue no. 5 page 60.

## अनुसूची १

### प्रश्नावली सूची

एकल (विधवा) महिलाहरुका लागि सोधिएको प्रश्नावली नमूना

(कृपया आफ्नो भएको व्यहोरामा (ठीक) चिन्ह लगाउनुहोला

यो प्रश्नावली विधवा महिलाहरुको सामाजिक रुपान्तरणमा संलग्नता तथा भूमिका सम्बन्धि शोधपत्रका लागि तयार पारिएकोले र यस शोधपत्रले विधवा महिलाहरुको विभिन्न पक्षका बारेमा प्रष्ट पार्ने अधिकारिक दस्तावेज हुने भएकोले कृपया उत्तरदाताहरुले जानेको सहि व्यहोरा खुलस्त भरीदिनुहुन अनुरोध छ।

व्यक्तिगत विवरण

नाम :                    ठेगाना :

उमेर :                    धर्म :

विवाह हुदाको उमेर :

विधवा हुदाको उमेर :

शैक्षिक योग्यता

१) शिक्षित (खुलाउने)   २) साक्षर   ३) निरक्षर

पेशा :

जातजाति :

१) तपाईको श्रीमानको मृत्युको कारण के हो ?

क) दुर्घटना   ख) रोग लागेर   ग) कालगतिले   घ) अन्य ( खुलाउने )

२) राज्यका तर्फबाट तपाईलाई केहि सहुलियत छ ?

क) छ   ख) छैन

३) छ भने कस्तो छ ?

क) विधवा भत्ता ख) नोकरी ग) अन्य ( खुलाउने )

४) तपाईको परिवारको किसिम कस्तो छ ?

क) एकल ख) संयुक्त

५) तपाईको स्वास्थ्य स्थिती कस्तो छ ?

क) रोग लागेको छ ख) रोग लागेको छैन

६) हाल घरमुलिको रुपमा को हुनुहुन्छ ?

क) आफै ख) सासु ग) ससुरा घ) छोरा

७) परिवार सञ्चालनको लागि प्रमुख आयस्रोत के हो ?

क) नोकरी ख) व्यापार ग) कृषि घ) अन्य

८) तपाईको मुख्य पेशा के हो ?

क) नोकरी ख) व्यापार ग) कृषि घ) अन्य

९) प्रति महिना कति आम्दानी हुन्छ ?

क) ३००० भन्दा कम ख) ३०००-५००० सम्म ग) ५००० भन्दा माथि घ) छैन

१०) तपाई सामाजिक क्रियाकलापहरुमा पनि संलग्न हुनुहुन्छ ।

क) छ ख) छैन ग) थाहा छैन

११) यदि हुनुहुन्छ भने उल्लेख गर्नुहोस् ।

१२) समाजमा हुने महत्वपूर्ण निर्णयहरुमा तपाइको भूमिका कस्तो हुन्छ ?

क) महत्वपूर्ण ख) सामान्य ग) हुदैन

१३) समाजमा विधवालाई हेर्ने दृष्टिकोण कस्तो पाउनु भएको छ ?

क) सकरात्मक ख) नकारात्मक ग) थाहा छैन

१४) समाजमा विधवा महिलालाई अगाडि बढ्न बाट रोकिएको जस्तो लाग्छ ?

क) लाग्छ ख) लाग्दैन ग) थाहा छैन

१५) यदि लाग्छ भने रोक्ने काम महिलाबाट हुन्छ कि पुरुषबाट ?

क) महिला ख) पुरुष ग) दुवै

१६) समाजमा विधवालाई अगाडि बढ्न सहयोग महिलाहरुले बढि गर्छन कि पुरुषहरुले ?

क) महिला ख) पुरुष ग) दुवै

१७) तपाई धार्मिक कार्यहरुमा संलग्न हुन कत्तिको मन लाग्छ ?

क) धेरै ख) सामान्य ग) लाग्दैन

१८) तपाइको विचारका विधवाले रातो वस्त्र लगाएर हिडेको देख्दा तपाईलाई कस्तो लाग्छ ?

क) राम्रो ख) नराम्रो

१८) तपाईको विचारमा विधवाले रातो वस्त्र तथा शृंगारका वस्तु लगाउन हुन्छ कि हुदैन ?

क) हुन्छ ख) हुदैन ग) थाहा छैन

१९) तपाईको विचारका विधवा विवाह गर्नु ठीक हो ?

क) हो ख) होईन ग) थाहा छैन

२०) आजभोलि कसैको विधवा विवाह गरेको देख्दा कस्तो लाग्छ ?

क) राम्रो ख) नराम्रो

२१) विधवा हुनुपूर्व र हाल तपाईलाई समाजले हेर्ने दृष्टिकोणमा कस्तो फरक महशुस गर्नुभएको छ ?

२२) हाम्रो समाजले विधवाप्रति सकारात्मक सोच राख्छ कि राख्दैन ? यदि राख्दैन भने कसरी सोचाईमा परिवर्तन ल्याउनु पर्ला ?

२३) तपाईका विचारमा विधवा महिलाहरुले भोग्नु परेका समस्याहरु के के हुन् ?

२४) तपाईको अमूल्य सहयोग र सुझावका लागि हार्दिक धन्यवाद

## अनुसुची - २

अध्ययन क्षेत्रका समाजसेवी तथा प्रतिष्ठित व्यक्तिहरुका लागि सोधिएको प्रश्नावली नमूना

नाम : ठेगाना :

पेशा :

१) हाम्रो समाजमा विधवा महिलाहरुको सामाजिक अवस्था कस्तो पाउनु भएको छ ?

२) तपाईको विचारमा विधवा महिलाले भोग्ने समस्याहरु के-के हुन् ?

३) समाजमा विधवाले समानजनक अवसर प्राप्त गर्न के गर्नुपर्ला ?

५) यसका लागि तपाईहरु जस्ता व्यक्तिहरुको भूमिका कस्तो हुनु पर्ला ?

तपाईको अमूल्य सहयोग र सुझावका लागि हार्दिक धन्यवाद !

## अनुसूची-३

मूख्य जानिफकार व्यक्तिहरुसँगको अर्न्तवार्ताका सहभागीको नामावली -

१) गायत्री ढुङ्गाना, सक्रिय एकल महिला, जलधारे

२) मुक्तिलाल बराल, समाजसेवी, बरालडाडाँ

३) सिता परियार, जलधारे

४) होमनाथ लामिछाने, प्रधानाध्यापक, गाउँ खर्क मा.वि जलधारे